का.जि.प्र.का.द.नं. १००/०५२/५०
१८ असोज २०८३
आइतबार
4 October 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २५५। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पहिलो घर बनाउनेलाई सरकारी अनुदान

## प्राथमिकतामा विपन्न, विपद्प्रभावित र जोखिमयुक्त बस्तीका नागरिक

पहिलोपटक घर बनाउनेलाई सरकारी अनुदान दिने भनिएको छ। विपद्का कारण घर गुमाएका र जोखिमयुक्त बस्तीका नागरिकलाई सुरक्षित आवासमा सार्ने योजना छ।

- नमुना डिजाइन, प्राविधिक परामर्श निःशुल्क
- स्थानीय तथा रैथाने निर्माण सामग्री निःशुल्क
- अन्य आवश्यक प्राविधिक सहयोग निःशुल्क
- अति विपन्नलाई संघीय सरकारको ५० हजार अनुदान
- अति विपन्नलाई प्रदेश सरकारको २५ हजार अनुदान
- स्थानीय सरकारले रैथाने निर्माण सामग्री उपलब्ध गराउने



निम्न आय भएका परिवारको आवासको ग्यारेन्टी गर्ने तथा मध्यम आय भएका परिवारका लागि सुरक्षित र व्यवस्थित आवास सुनिश्चित गर्ने उद्देश्य छ।

● **वालेन्द्र शाह**
**प्रधानमन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ असोज

जो कोही मानिस आफ्नै घर होस् भन्ने चाहन्छन्। तर आर्थिक अवस्था आदिका कारण धेरैले घर बनाउने सपना पूरा गर्न संघर्ष गरिरहेका हुन्छन्।

कतिपय अवस्थामा पैसा भएर पनि सुरक्षित आवास बनाउन सकिरहेका हुँदैनन्। प्राविधिक ज्ञानको अभावले बाढी, पहिरो र भूकम्पको जोखिमयुक्त बस्तीमै मानिसहरू बसोबास गरिरहेका हुन्छन्।

नागरिकको यस्तो समस्यामा सरकार आफैं देखिने गरी ऐन बनाउन लागिएको छ। हालै पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले प्रतिनिधिसभामा दर्ता गरेको भवन (दोस्रो संशोधन) विधेयक, २०८३ मा 'नागरिक आवास सुनिश्चितता' सम्बन्धी छुट्टै व्यवस्था छ।

जसमार्फत पहिलोपटक घर बनाउनेलाई सरकारी अनुदान दिने भनिएको छ। विपद्का कारण घर गुमाएका र जोखिमयुक्त बस्तीका नागरिकलाई सुरक्षित आवासमा सार्ने योजना छ।

प्रधानमन्त्री वालेन्द्र शाहले प्रस्तुत विधेयकको उद्देश्य निम्न आय भएका परिवारको आवासको ग्यारेन्टी गर्नु र मध्यम आय भएका परिवारलाई सुरक्षित तथा व्यवस्थित आवास उपलब्ध गराउनु रहेको बताएका छन्। उनी सामाजिक सञ्जालमा लेख्छन्, 'निम्न आय भएका परिवारको आवासको ग्यारेन्टी गर्ने तथा मध्यम आय भएका परिवारका लागि सुरक्षित र व्यवस्थित आवास सुनिश्चित गर्ने उद्देश्य छ।'

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ६६ लाख ६६ हजार ९३७ घरपरिवार छन्। तीमध्ये करिब ८६ प्रतिशत परिवार आफ्नै आवासीय एकाइमा बस्छन् भने १२.८ प्रतिशत परिवार भाडाको आवासमा बसिरहेका छन्। औसत नेपाली परिवारको आकार ४.३७ जना छ। >>> पृष्ठ २ मा



## कांग्रेसको १५औं महाधिवेशन आज

# साढे ७ हजार प्रतिनिधिले छान्दै नयाँ नेतृत्व

यसपटक विधानमै नेपाली कांग्रेसले युवा, महिला, पेशागत र श्रमिकलाई समेटेको छ। यसले नयाँ पुस्तामा समेत उत्साह थपेको छ। विधानतः ४० हजारभन्दा बढी युवा पार्टी संरचनामा समेटिएका छन्।





विशेष महाधिवेशनले ल्याएको परिवर्तन, पार्टीको नीति, नेतृत्व र विचारलाई संस्थागत गर्ने महाधिवेशनको मूल ध्येय हुनेछ। यसले कांग्रेसलाई संस्थागत र सुदृढ बनाउन मद्दत गर्छ।

■ **गुरुराज घिमिरे**
**महामन्त्री, नेपाली कांग्रेस**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १७ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशन आज उद्घाटन हुँदैछ। पार्टीको नीति र नेतृत्व फेर्दै विशेष महाधिवेशनबाट आएको वर्तमान नेतृत्वको मुख्य जिम्मेवारी नियमित महाधिवेशन गरेर नयाँ नेतृत्व छान्ने थियो। सोही जिम्मेवारी पूरा गर्दै १५औं महाधिवेशन सम्पन्न गर्ने चरणमा रहेको कांग्रेसका महामन्त्री गुरुराज घिमिरेले बताए।

बिपी कोइरालाले नागरिकको अधिकार स्थापित गर्न पहिलो पटक आह्वान गरेको भूमि खुला मञ्चमा महाधिवेशनको उद्घाटन हुँदैछ। पार्टीको नीति र नेतृत्व परिवर्तन गर्ने उद्घोषसहित ५७ प्रतिशत महाधिवेशन प्रतिनिधिले गत पुस मसान्तमा विशेष महाधिवेशन गरेको थियो। त्यसको नेतृत्व तत्कालीन महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मासहितका नेताहरूले गरेका थिए। अघिल्लो मंसिरमै हुनुपर्ने नियमित महाधिवेशन तत्कालीन सभापति शेरबहादुर देउवा नेतृत्वको केन्द्रीय समितिले वैशाखमा पुऱ्याउने निर्णय गरेपछि महामन्त्रीद्वय थापा र शर्माले विद्रोह गरेका थिए। उनीहरूको विद्रोहले पार्टीको आन्तरिक संरचना नै परिवर्तन गरिदियो।

सोही जगलाई बलियो बनाउने यो महाधिवेशनको मुख्य नीति रहेको छ।

'विशेष महाधिवेशनले ल्याएको परिवर्तन, पार्टीको नीति, नेतृत्व र विचारलाई संस्थागत गर्ने १५औं नियमित महाधिवेशनको मुल ध्यय हुनेछ,' महामन्त्री घिमिरेले भने, 'यसले कांग्रेसलाई संस्थागत र सुदृढ बनाउन मद्दत पुऱ्याउँछ।'

महाधिवेशनमा कांग्रेसको आगामी नीति, कार्यक्रम तथा समसामयिक प्रतिवेदनहरू पेस गरिनेछ। सभापतिले आगामी ५ वर्षका लागि राजनीतिक, आर्थिक, उत्पादन, रोजगार तथा विदेश नीतिसम्बन्धी दृष्टिकोण समेटिएको कार्यपत्र पेस गर्ने छन्। अबको राजनीति पदका लागि होइन परिणामका लागि र शासनका लागि होइन सुशासनका लागि हुनुपर्छ भन्ने नीति कांग्रेसले तय गर्ने नेताहरूले बताएका छन्।

पूर्वसभापति शेरबहादुर देउवालाई उद्घाटन गर्न आग्रह गरेपनि देउवा नआउने भएपछि महाधिवेशनको उद्घाटन सभापति गगन थापाले गर्नेछन्। गत असोज ३ गतेबाट वडा अधिवेशन थालेर १३ गते सम्म क्षेत्रीय अधिवेशन सम्पन्न गरीसकेसँगै महाधिवेशनका लागि मतदाताको सूची समेत तयार भइरहेको >>> पृष्ठ २ मा

# विपद्प्रभावितलाई विशेष ऐन

विशेष ऐनमार्फत सरकारले प्राकृतिक विपद्मा परेकाहरूको खोज, उद्धार, राहत वितरण, शव व्यवस्थापन र बेपत्ता भएकाहरूलाई मृतक घोषणा गर्ने कानुनी उल्झन सुल्झाउँदै छ।





**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ असोज

रसुवा बाढीपछि उत्पन्न समस्यालाई सम्बोधन गर्ने गरी सरकारले विशेष ऐन बनाउँदै छ। यसका निम्ति गृह मन्त्रालयले 'विपद्सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक' बनाएको छ।

यसलाई विशेष ऐनका रूपमा लिइएको गृह मन्त्रालयले जनाएको छ। जसमार्फत सरकारले प्राकृतिक विपद्मा परेकाहरूको खोज, उद्धार, राहत वितरण, शव व्यवस्थापन र बेपत्ता भएकाहरूलाई मृतक घोषणा गर्ने कानुनी उल्झन सुल्झाउँदै छ।

बिहीबार मात्रै पनि संसद्मा नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले रसुवा बाढीमा परेर बेपत्ता भएकाका परिवारले मृतकसरह राहत पाउन नसकेको र यसमा सरकारले कानुन देखाएर पन्छिन खोजेको टिप्पणी गरेका थिए। प्रचलित कानुनमा समस्या भए सरकारले सम्बोधन गर्न सक्ने, तर बेपत्ताका परिवारलाई समेत सरकारले मृतकसरह सेवा, सुविधा र राहत उपलब्ध गराउनुपर्ने माग राखेका थिए। गृह मन्त्रालयले तयार पारेको विधेयक ऐनमा रूपान्तरित भए सांसद दुलालले उठाएको विषय सम्बोधन हुनेछ।

प्राकृतिक विपद्मा परी बेपत्ता भएका व्यक्तिको शव नभेटिए पनि निश्चित अवधि पूरा भएपछि मृत्यु दर्ता गर्न सकिने गरी सरकारले कानुनी व्यवस्था गर्न लागेको छ। यसका निम्ति तीनवटा ऐन संशोधन गरिँदै छ।

हाल मुलुकी देवानी संहिता, २०७४ अनुसार कुनै व्यक्ति बिनासूचना लगातार १२ वर्षदेखि बेपत्ता भएमा वा स्वाभाविक रूपमा जानकारी पाउने व्यक्तिले १२ वर्षदेखि कुनै सूचना नपाएमा मृत्यु भएको मानिने व्यवस्था छ। निश्चित अवस्थामा भने यो अवधि फरक छ। ८० वर्ष पुगेको व्यक्ति पाँच वर्षदेखि बेपत्ता भएमा, युद्धमा खटिएको सैनिक युद्ध समाप्त भएको चार वर्षसम्म सम्पर्कमा नआएमा वा पहिचान हुन नसकेमा पनि मृत्यु घोषणा गर्न सकिने व्यवस्था छ।

तर प्राकृतिक विपद्मा परी बेपत्ता भएका व्यक्तिको हकमा १२ वर्ष कुर्नुपर्ने व्यवस्थाले पीडित परिवारलाई थप >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# जिम्मेवार नबने शाखा कार्यालयको अनुमति रद्द गर्ने विभागको चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असोज

वैदेशिक रोजगार विभागले शाखा कार्यालयलाई जिम्मेवार बनाउन म्यानपावर कम्पनीहरूलाई निर्देशन दिँदै जिम्मेवार नबनाउनेको अनुमति रद्द गर्ने चेतावनी दिएको छ। विभागले शुक्रबार एक सूचना जारी गर्दै शाखा कार्यालयबाट भएका काम कारबाहीको जिम्मेवारी मुख्य कार्यालयले पूर्णरूपमा लिनुपर्ने बताएको हो।

विभागबाट अनुमति लिएका म्यानपावर कम्पनीका केही शाखा कार्यालयमा वैदेशिक रोजगारीमा जानका लागि आवेदन दिएका व्यक्तिले आफ्नो आवेदनको अवस्था, आवश्यक कागजात, रोजगारदाता, रोजगारीको अवस्था, भिसा, रोजगार सम्झौता, श्रम स्वीकृति, प्रस्थानको तयारी तथा अन्य सम्बन्धित विषयमा जानकारी माग्दा स्पष्ट तथा यथार्थ सूचना उपलब्ध नगराएको विभागको भनाइ छ। शाखा कार्यालयहरूले सेवाग्राहीलाई 'हामीलाई थाहा छैन', 'काठमाडौंमा मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस्' लगायतका जवाफ दिने गरेको विभागले बताएको छ।

शाखा कार्यालयहरूको उक्त व्यवहारले वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई आफ्नो आवेदन तथा वैदेशिक रोजगारसम्बन्धी प्रक्रियाको जानकारी लिन पटक-पटक मुख्य कार्यालय काठमाडौंमा धाउनुपर्ने अवस्था सिर्जना भएको भन्ने गुनासो बढेको विभागले बताएको छ।

त्यसैगरी, विभागले शाखा कार्यालयहरूले आफ्नो कार्यालयमार्फत वैदेशिक रोजगारीमा पठाउनका लागि प्रक्रिया सुरु गरेका व्यक्तिहरूलाई लामो समयसम्म पनि वैदेशिक रोजगारीमा नपठाएको विषयमा सम्बन्धित इजाजतप्राप्त संस्थाको मुख्य कार्यालयमा गुनासो गर्दा केही म्यानपावर कम्पनीले शाखा कार्यालय तथा शाखाका कर्मचारीहरूबाट >>> पृष्ठ २ मा

# बिचौलियाबाट जोगिन दूतावासको आग्रह

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, १७ असोज

मलेसियामा अवैधानिक हैसियतमा रहेका नेपाली श्रमिकलाई स्वदेश फर्किने क्रममा ट्राभल डकुमेन्ट बनाउन र अध्यागमनमा जरिवाना तिर्न बिचौलिया वा एजेन्टको प्रयोग नगर्न क्वालालम्पुर स्थित नेपाली दूतावासले आग्रह गरेको छ।

स्वदेश फर्किने प्रक्रियामा सहजीकरण गरिदिने भन्दै केही बिचौलियाले रकम असुल्ने गरेको गुनासो आउन थालेपछि दूतावासले श्रमिकलाई सम्भावित ठगीबाट जोगिन सचेत गराएको हो।

दूतावासले अवैधानिक हैसियतमा रहेका नेपाली श्रमिकलाई स्वदेश फर्किन आवश्यक प्रक्रियाबारे आधिकारिक निकायबाट प्रत्यक्ष रूपमा जानकारी लिन आग्रह गरेको छ। मलेसिया सरकारले अवैधानिक हैसियतमा रहेका विदेशी कामदारलाई >>> पृष्ठ २ मा

# कामपाले अब हुलाकमार्फत चिठी आदानप्रदान गर्ने

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले अब हुलाकमार्फत विभिन्न निकाय तथा व्यक्तिलाई पत्राचार गर्ने भएको छ। महानगरपालिकाले गोश्वारा हुलाक कार्यालय डिल्लीबजारसँग सम्झौता गरी पत्र, प्रतिवेदन, निमन्त्रणा, प्रमाणपत्र तथा पार्सललगायत हुलाक वस्तु पठाउने व्यवस्था गरेको हो। कामपा प्रशासन विभागका प्रमुख महेश काफ्लेका अनुसार महानगरपालिकाबाट हुने पत्राचारलाई व्यवस्थित, सुरक्षित र तोकिएको समयभित्र सम्बन्धित प्राप्तकर्तासम्म पुऱ्याउन हुलाक सेवाको प्रयोग गरिनेछ।

कामपाका विभाग, महाशाखा, सचिवालय, एकाइ र आयोजनाबाट चलानी हुने पत्र केन्द्रीय सम्पर्क एकाइमा सङ्कलन गरिनेछ। यसरी संकलन भएका पत्रमा सम्बन्धित निकाय, जिम्मेवार पदाधिकारी वा कर्मचारीको ठेगाना र सम्पर्क विवरण राखेर हुलाक कार्यालयलाई उपलब्ध गराइने काफ्लेले बताए।




'हुलाक कार्यालयले महानगरबाट प्राप्त हुलाक वस्तु प्रणालीमा प्रविष्ट गरी वर्गीकरण गर्ने, पठाउने वा डेलिभरी एजेन्टमार्फत सम्बन्धित प्राप्तकर्तालाई बुझाउनेछ', उनले भने, 'वितरणपछि प्राप्त हुने भर्पाइ महानगरपालिकालाई उपलब्ध गराउने र सेवाबापतको मासिक बिलसमेत पेस गर्ने व्यवस्था सम्झौतामा उल्लेख गरिएको छ।' सम्झौताअनुसार कामपा क्षेत्रभित्र अत्यन्त जरुरी पत्र तथा हुलाक वस्तुका लागि 'सेम डे' अर्थात् उही दिन सेवा उपलब्ध हुनेछ। यस्तो सेवामा बढीमा दुई किलोसम्मका हुलाक वस्तु समावेश हुनेछन्।

त्यसैगरी दुई किलोसम्मका पत्र वा अन्य सामानका लागि रजिस्ट्री सेवा तथा आवश्यकताअनुसार एक्सप्रेस मेल सर्भिस, पार्सललगायत अन्य सेवा प्रयोग गरिने काफ्लेले जानकारी दिए।

रजिस्ट्री तथा पार्सलतर्फका वस्तु अर्को दिन वितरण गर्ने व्यवस्था गरिएको छ। कामपा क्षेत्रबाहेक काठमाडौं जिल्लाका अन्य स्थानीय तह तथा ललितपुर र भक्तपुरका हकमा रजिस्ट्री सेवाअन्तर्गत अर्को दिन हस्तान्तरण गरी सम्भव भएसम्म सोही दिन वा अर्को दिन वितरण गरिने सम्झौतामा उल्लेख छ। अन्य जिल्लाका लागि भने प्रचलित हुलाक सेवाको डाँक सञ्चालन तालिकाअनुसार सेवा प्रदान गरिनेछ।

हुलाक वस्तु हराउने, च्यातिने वा टुटफुट हुने जोखिम न्यूनीकरणका लागि महानगरपालिकाले सुरक्षित प्याकेजिङ गर्नुपर्ने र हुलाक कार्यालयले प्राप्तिदेखि वितरणसम्म उच्च सावधानी अपनाउनुपर्ने सम्झौतामा उल्लेख छ।

प्राप्तकर्ताले वस्तु बुझ्न नमानेमा वा वितरण हुन नसकेमा सम्बन्धित हुलाक वस्तु कामपाको सम्पर्क एकाइमा फिर्ता गरिनेछ। महानगरपालिका र गोश्वारा हुलाकबीच भएको उक्त सम्झौता एक वर्षका लागि गरिएको काफ्लेले जानकारी दिए।

# रसुवामा बेपत्ता सैनिक जवानको कुशको शव बनाएर अन्तिम संस्कार

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १७ असोज

रौतहटको मौलापुर नगरपालिका-७, सगैयाका बैधनाथ साह कानुका २२ वर्षीय छोरा अभिषेक गुप्ताको हिन्दु परम्पराअनुसार आज अन्तिम संस्कार गरिएको छ।

श्री शेरगण कार्यालय, रसुवामा कार्यरत सैनिक जवान गुप्ता गत भदौ १० गते आएको विनाशकारी बाढीमा परी बेपत्ता भएका थिए। लामो समयसम्म खोजी गर्दा पनि उनको अवस्था पत्ता लाग्न नसकेपछि परिवारले धार्मिक परम्पराअनुसार कुशको शव बनाएर असोज १७ गते अन्तिम दाहसंस्कार गरेको हो। छोराको अवस्था लामो समयसम्म



अज्ञात रहेपछि परिवारजनले भारी मनका साथ हिन्दु संस्कारअनुसार अन्तिम संस्कार गर्नुपरेको हो। २२ वर्षकै उमेरमा सैनिक सेवामा रहेका अभिषेक यसरी बेपत्ता भएपछि उनको कुशको शव बनाएर अन्तिम संस्कार गर्नुपर्दा सगैया गाउँ शोकमा डुबेको छ।

अन्तिम संस्कारका क्रममा परिवारजन, आफन्त तथा स्थानीयवासी भावुक बनेका थिए। उनीहरूले अभिषेकप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारप्रति समवेदना व्यक्त गरेका छन्। अभिषेकको बेपत्ता घटनाले परिवारमा गहिरो पीडा र अपूरणीय क्षति पुगेको छ।

---

**पहिलो...**

यही ठूलो आवासीय चित्रलाई लक्षित गर्दै सरकारले पहिलोपटक घर बनाउनेदेखि विपद्का कारण घर गुमाएका र जोखिमयुक्त बस्तीमा बसिरहेका परिवारसम्मलाई समेट्ने गरी नयाँ कानुन बनाउन लागेको हो।

यो विधेयक ऐनमा रूपान्तरित भएपछि नागरिकले यस्तो सुविधा पाउने प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ।

जसअनुसार पहिलो आवासीय घर निर्माण गर्ने वा असुरक्षित घरलाई भवनमा रूपान्तरण गर्ने वा गोठ बनाउने नागरिकलाई स्थानीय तहले स्वीकृत मापदण्डबमोजिम नमुना डिजाइन, प्राविधिक परामर्श, स्थानीय तथा रैथाने निर्माण सामग्री, निर्माण अनुमति र अन्य आवश्यक प्राविधिक सहयोग निःशुल्क उपलब्ध गराउनुपर्ने हुन्छ।

यस्तो सुविधा लिनका लागि नेपालभित्र अन्यत्र सुरक्षित घर नभएका परिवार मात्र योग्य हुनेछन्।

यसका अतिरिक्त नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अन्य नगद तथा जिन्सी सहयोग उपलब्ध गराउन सक्नेछन्। विधेयकअनुसार सम्बन्धित स्थानीय तहले सिफारिस गरेका अति विपन्न परिवारले घर बनाउँदा नेपाल सरकारले ५० हजार रुपैयाँ र प्रदेश सरकारले २५ हजार रुपैयाँमा नघट्ने गरी नगद अनुदान दिनुपर्नेछ।

अर्थात्, पहिलो घर बनाउने सबै नागरिकले नगद अनुदान पाउने भने होइन। अति विपन्न परिवारले न्यूनतम ७५ हजार रुपैयाँ अनुदान पाउने व्यवस्था प्रस्ताव गरिएको हो।

यस्तो अनुदान रकम नेपाल सरकार वा प्रदेश सरकारले आवश्यकताअनुसार हेरफेर गर्न सक्नेछ।

यसका अतिरिक्त संघ सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आफ्नो कानुन र बजेटअनुसार अन्य नगद वा जिन्सी सहयोगसमेत उपलब्ध गराउन सक्नेछन्।

स्थानीय तथा रैथाने निर्माण सामग्री उपलब्ध गराउने व्यवस्था पनि विधेयकमा छ। विधेयकअनुसार नागरिक आवासका लागि स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र उपलब्ध स्थानीय तथा रैथाने निर्माण सामग्री प्रयोग गर्न सक्नेछ। त्यसका लागि ऐन लागू भएको तीन महिनाभित्र हरेक स्थानीय तहले आवश्यक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी निर्माण सामग्रीको स्रोत स्थान निर्धारण गर्नुपर्ने प्रस्ताव छ।

तर कुनै स्थानीय तहमा आवश्यक सामग्री उपलब्ध भएन भने अर्को पालिकासँग माग्न सक्नेछन्। सामग्री उपलब्ध भएको स्थानीय तहले तोकिएको स्रोतबाट सामग्री उपलब्ध गराउनुपर्नेछ। यसको समन्वय र सहजीकरण प्रदेश सरकार तथा नेपाल सरकारले गर्नेछ।

यस्तो अवस्थामा निर्माण सामग्री स्रोतबाट सम्बन्धित स्थानीय तहसम्म ढुवानी गर्ने जिम्मेवारी पनि स्थानीय सरकारलाई दिइएको छ।

साथै, बाढी, पहिरो, भूकम्पलगायत विपद्बाट प्रभावित परिवार, जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका परिवार तथा अव्यवस्थित बसोबासीका लागि पनि सुरक्षित आवासको व्यवस्था गर्ने विषय प्रस्तावित छ।

त्यस्ता परिवारका लागि संघ, प्रदेश वा स्थानीय तहले सुरक्षित घर निर्माण, पुनर्निर्माण, मर्मत वा प्रवलीकरण (रेट्रोफिटिङ) गर्नुपर्ने व्यवस्था प्रस्तावित छ।

यसका लागि आवश्यक अनुदान, निःशुल्क निर्माण सामग्री र प्राविधिक सहायता उपलब्ध गराउन कार्यविधि बनाउनुपर्नेछ।

अभ्र जोखिमपूर्ण वा असुरक्षित बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था आए सरकारले नयाँ घर निर्माण गरिदिन सक्ने व्यवस्था पनि प्रस्तावित छ।

विधेयकले गरिब तथा विपन्न परिवारका लागि अनुदानको व्यवस्था गरे पनि मध्यम आय भएका परिवारलाई भने फरक मोडलमा समेट्न खोजेको छ।

त्यस्ता परिवारका लागि सुरक्षित, भूकम्प प्रतिरोधी र आधारभूत मापदण्ड पूरा भएका 'स्मार्ट घर' निर्माण तथा उपलब्ध गराउने अवधारणा प्रस्ताव गरिएको छ।

प्रस्तावित घरको लागत २० लाखदेखि ७५ लाख रुपैयाँसम्म हुनेछ। प्लिन्थ क्षेत्रफल ९ सयदेखि १ हजार ३ सय वर्गफिटसम्म हुने प्रस्ताव छ। यस्ता घर नागरिकले सहुलियतपूर्ण ऋणमार्फत प्राप्त गर्न सक्नेछन्।

प्रारम्भिक प्रस्तावअनुसार ५ लाख रुपैयाँ अग्रिम भुक्तानी गरेपछि १५ वर्षसम्म मासिक करिब ११ हजार रुपैयाँ किस्ता तिर्ने गरी घर उपलब्ध गराउने मोडल राखिएको छ।

विधेयकको नागरिक आवाससम्बन्धी अवधारणा घरमा मात्र सीमित छैन। गाई, भैंसी, बाखा, भेडा, बंगुर, कुखुरालगायत पशुपन्छी पाल्न बनाइने गोठलाई समेत भवनको वर्गीकरणमा ल्याउने प्रस्ताव गरिएको छ।

तर गोठ बनाउँदा नागरिकलाई थप आर्थिक भार पार्नेभन्दा निश्चित मापदण्ड पूरा गर्ने गोठको नक्सा पास दस्तुर पूर्ण रूपमा छुट गर्ने र स्थानीय तहले निःशुल्क नमुना डिजाइन उपलब्ध गराउने व्यवस्था प्रस्तावित छ। नयाँ घर बनाउनेलाई सुविधा दिने प्रस्तावसँगै विधेयकले पुराना घरका लागि भने परीक्षणको व्यवस्था ल्याएको छ। तोकिएको वर्ग, प्रकृति वा उपयोगका भवन निर्माण सम्पन्न भएको ५० वर्ष पुगेपछि विस्तृत संरचनात्मक, भूकम्पीय, अग्नि तथा उपयोग सुरक्षा मूल्यांकन गराउनुपर्ने प्रस्ताव छ।

भवन सुरक्षित प्रमाणित भयो र नियमित मर्मतसम्भार भएको देखिएमा एकपटकमा बढीमा पाँच वर्षका लागि उपयोग अनुमति नवीकरण गर्न सकिनेछ।

भवन ६५ वर्ष पुगेपछि भने विस्तृत मूल्यांकनसँगै स्वतन्त्र प्राविधिक समकक्ष समीक्षा अर्थात् 'पियर रिभ्यु' समेत गर्नुपर्नेछ। त्यसपछि पनि सुरक्षित प्रमाणित भए बढीमा तीन वर्षका लागि मात्र उपयोग अनुमति नवीकरण गर्न सकिनेछ।

**कांग्रेसको...**

छ। वडा, गाउँ/नगर हुँदै प्रदेश निर्वाचन क्षेत्र र संघीय निर्वाचन क्षेत्रको अधिवेशनबाट करिब साढे ७ हजार प्रतिनिधि छनोट भएर छन्। कांग्रेसले यसपटक विधानमै युवा, महिला, पेशागत र श्रमितकलाई समेत समेटेको छ। उक्त व्यवस्थाले युवा, विभिन्न पेशागत व्यक्तिहरू र श्रमिकको समेत पार्टी संरचनामा अनिवार्य सहभागिता हुने भएपछि उत्साह थपिएको नेताहरूले दाबी गरेका छन्। विधानको नयाँ व्यवस्थाले करिव ४० हजार भन्दा बढी युवाहरू पार्टी संरचनामा आएको कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए।

पार्टीको आधिकारिक लाइनले महाधिवेशनको भव्य उद्घाटन गरेर राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीतिमा एउटा सन्देश दिन तयारीमा छन्। उद्घाटन सत्रलाई सबै राजनीतिक दलका शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रा रहेको छ भने अन्तर र्राष्ट्रिय पाहुनाहरू समेत शुभकामना दिने पार्टी प्रवक्ता चालिसेले बताए। उता पूर्वसभापति देउवा पक्षले १५ असोजदेखि सुरु गरेको वडा अधिवेशन धमाधम भइरहेको बताएकमो छ। विशेष महाधिवेशन र नियमित महाधिवेशनको मुद्दालाई लिएर पार्टीमा बिवाद बढ्दै जाँदा फुटको अस्था आएपनि अहिले नै दुईवटा दल बनाएको छैन।

तर नेताहरूले नै पार्टी दुईवटा भएको दाबी गरेका छन्। विशेष महाधिवेशनको विपक्षमा रहेका नेताहरूले विशेष महाधिवेशनबाट आएको थापा नेतृत्वको कांग्रेसलाई आधिकारीकता नदिन माग गर्दै नेताहरू सर्वोच्च आदलतमा पुगेपनि निर्वाचन आयोगको निर्णयलाई सदर गरेको थियो। सोही आदेशको अन्तिम पुनरावलोकनको निवेदनमा भने सर्वोच्चले निस्सा निस्सा दिएपछि देउवा पक्षले त्यसैलाई हतियार बनाएर समानान्तर महाधिवेशनको अभियान चलाएको हो। तर पार्टीका अधिकांश नेता कार्यकर्ताहरू आधिकारिक लाइनमा आएर तल्लो तहको अधिवेशनमा भाग लिँदै महाधिवेशन सफल बनाउन लागेका छन्।

देउवा पक्षको अधिवेशनमा भाग लिनेको संख्या न्यून छ। यद्यपि देउवा समुहका नेता डा. प्रकाशशरण महतले सभापति गगन थापाले गराएको अधिवेशन प्रक्रियामा वडादेखि नै संलग्न भएका पार्टीका नेता-कार्यकर्ता पनि आफ्नो समूहमा खुल्न थालेको दाबी गरेका छन्।

नेपाली कांग्रेसले भने यो महाधिवेशनलाई आफ्नो नीति र नेतृत्व परिवर्तनका लागि गरिएको विशेष महाधिवेशनलाई संस्थागत गर्ने महाधिवेशनकारूपमा लिएको दाबी गरेको छ। महाधिवेशनलाई केवल नेता चयनमा मात्र सीमित नराखी 'नीति चयन'को अधिवेशनका रूपमा अघि बढाउने प्रयत्न गरिएको चालिसेको भनाइ छ। यसले कांग्रेसलाई संस्थागत र सुदृढ बनाउन मद्दत पुऱ्याउने उनले बताए।

महाधिवेशनबाट नेतृत्व चयनका लागि १९ गते १९ गते सोमबार अपराह्न २ बजेदेखि ६ बजेसम्म मनोनयन दर्ता हुने छ। पार्टीको केन्द्रीय निवार्चन समितिले महाधिवेशन प्रतिनिधिहरूका लागि ३ हजार ५०० रुपैयाँ दर्ता शुल्क तोकेको छ। पार्टीमा विधान परिमार्जन गरेर पदाधिकारी संख्या थप्ने विषयमा समेत बहस चलेको छ। यद्यपि महाधिवेशनको छलफल सत्रले विधानमा भएका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट पार्ने र मनोनयनमा जाने कांग्रेसले जनाएको छ। मनोनयन दर्ता हुनुअघि महाधिवेशनको सर्वोच्च निकायले विधान संशोधन प्रस्तावमा छलफल गरी निर्णय गर्ने पार्टी प्रवक्ता चालिसेले बताए। विधान संशोधन समितिले तयार पारेको र केन्द्रीय समितिले छलफल गरी ल्याएको प्रस्ताव अनुसार पदहरू थप्ने, घटाउने वा परिमार्जन गर्ने अन्तिम अधिकार महाधिवेशनको बन्दसत्रलाई रहने उनको भनाई छ।

**पार्टी नेतृत्वमा कहिले को आए ?**

नेपाली कांग्रेस स्थापनाको आठ दशक भयो। करिव असी वर्ष लामो समयमा कांग्रेसले विभिन्न राजनीतिक उतारचढावकाबीच १४ वटा महाधिवेशन गरेको छ। त्यस क्रममा सभापति, संयोजक, अध्यक्ष गरी अहिलेसम्म १० जना नेताले पार्टीको नेतृत्व सम्हालेको देखिन्छ। त्यस्तै महामन्त्रीका २८ जना भएका छन्।

पहिलो : २००३ माघ १२ र १३ गते कोलकाताको भवानीपुरमा नेपाली राष्ट्रिय कांग्रेसको सम्मेलन भएको थियो। सोही सम्मेलनलाई कांग्रेसको पहिलो महाधिवेशनका रूपमा लिईएको छ। उक्त सम्मेलनले सर्वसम्मतिमा नै टंकप्रसाद आचार्यलाई नेपाली राष्ट्रिय कांग्रेसको पहिलो सभापति घोषणा गऱ्यो। आचार्य नेपाल प्रजापरिषद्को सभापति हुँदाहुँदै नेपाली राष्ट्रिय कांग्रेसको पनि सभापति बनेका थिए। विश्वेश्वरप्रसाद कोइराला उक्त कार्यसमितिको कार्यवाहक सभापति बनेका थिए।

दोस्रो : २००३ फागुन २१ मा विराटनगरस्थित जुद्ध जुट मिलमा मजदुर हडताल भएको थियो। हडतालको नेतृत्व गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीले गरेका थिए। उक्त मजदुर आन्दोलनको नेतृत्व गर्न बिपी कोइराला विराटनगर पुगे। फागुन २६ मा बिपी पक्राउ परेपछि पार्टीको नेतृत्व परिवर्तन गर्न २००३ चैत २७ र २८ मा जोगबनीमा पार्टी प्रतिनिधिहरूको सम्मेलन भयो। उक्त सम्मेलनमा कार्यकारी सभापतिका रूपमा मातृकाप्रसाद कोइरालालाई चयन गरिएको थियो।

तेस्रो : २००५ फागुन १८ मा दरभंगामा नेपाली राष्ट्रिय कांग्रेसले तेस्रो वार्षिक अधिवेशन गऱ्यो। मातृकाप्रसाद कोइरालालाई नै सभापति बनाइयो। सभापतिका आकांक्षीमा गोपालप्रसाद भट्टराई पनि थिए।चौथो : २००६ चैत २७ मा भएको चौथो महाधिवेशन भारतमा भएको थियो। कोलकाताको टाइगर सिनेमा हलमा बृहत् सम्मेलन (अधिवेशन) आयोजना गरिएको थियो। सोही सम्मेलनले दलकानाम 'नेपाली कांग्रेस' राखेको थियो भने मातृकाप्रसाद कोइराला सभापति बनेका थिए।

पाँचौं : २००९ जेठ १० देखि १२ सम्म पाँचौं महाधिवेशन जनकपुरमा भएको थियो। विवाद र तनावका बिच भएको मतदानमा सभापतिमा बिपी कोइराला नै विजयी भएका थिए।

छैटौं : २०१२ माघमा कांग्रेसको छैटौं महाधिवेशन वीरगन्जमा भएको थियो। गणेशमान सिंहलाई पराजित गर्दै सुवर्णशमशेर राणा सभापतिमा चयन भए। २०१४ जेठमा कांग्रेसको विशेष महाधिवेशन भएको थियो। विराटनगरमा भएको विशेष महाधिवेशनबाट बिपी कोइराला सर्वसम्मतिबाट पुनः सभापति बनेका थिए।

सातौं : काठमाडौंको महाराजगन्जस्थित लक्ष्मी निवासमा २०१७ वैशाखमा सातौं महाधिवेशन भयो। बिपीसँग भूपदेव राईले नेतृत्वमा पुग्न प्रतिस्पर्धा गरेका थिए। बिपी नै सभापतिमा निर्वाचित भए। २०१७ पुस १ गते राजा महेन्द्रले 'कु' गरेपछि प्रधानमन्त्री तथा पार्टी सभापति बिपीसहितका नेतालाई जेल हालेपछि आठ महिनामै अर्को महाधिवेशन गर्नुपरेको थियो। भारत भ्रमणमा रहेका जेलबाहिर रहेका सुवर्ण शमशेरले सोही वर्षको माघमा भारतको पटनामा कांग्रेस कार्यकर्ताहरूको सम्मेलन गरे। त्यही सम्मेलनले उनलाई कार्यवाहक सभापति चयन गऱ्यो। २०३४ सालमा पटनामा कांग्रेस कार्यकर्ताहरूको सम्मेलन आयोजना गरिएको थियो। रिहा भएका बिपीले कार्यवाहक सभापतिको जिम्मेवारी कृष्णप्रसाद भट्टराईलाई जिम्मेवारी दिइएको थियो।

आठौं : बहुदलीय व्यवस्था लागु भएपछि २०४८ फागुनमा झापाको कलभडगुडीमा आठौं महाधिवेशन भएको थियो। उक्त महाधिवेशनबाट कृष्णप्रसाद भट्टराई सभापतिमा निर्विरोध भएका थिए।

नवौं : २०५३ वैशाखमा कांग्रेसको नवौं महाधिवेशन काठमाडौंमा भएको थियो। चिरञ्जीवी वाग्ले र रामहरि जोशीलाई पछि पार्दै गिरिजाप्रसाद कोइराला सभापतिमा निर्वाचित भएका थिए तर त्यस महाधिवेशनमा नेता गणेशमान सिंह सहभागी भएनन्।

दशौं : २०५७ माघमा कांग्रेसको दसौं महाधिवेशन पोखरामा भयो। गिरिजाप्रसादसँग शेरबहादुर देउवा र रामहरि जोशी प्रतिस्पर्धामा उत्रिए तर गिरिजाप्रसाद नै निर्वाचित भए। २०५९ सालमा कांग्रेस विभाजित भएर नेपाली कांग्रेस र नेपाली कांग्रेस प्रजातान्त्रिक बन्यो।

एघारौं : एघारौं महाधिवेशन विभाजित अवस्थामा दुई कांग्रेसको अलगअलग भयो। २०६२ भदौमा सानेपामा भएको महाधिवेशनबाट नरहरि आचार्यलाई पछि पार्दै गिरिजाप्रसाद फेरि सभापति निर्वाचित भएका थिए भने नेपाली कांग्रेस प्रजातान्त्रिकको सभापतिमा शेरबहादुर देउवा थिए। २०६४ असोजमा दुई कांग्रेस एक भए।

बाह्रौं : २०६७ असोजमा कांग्रेस बाह्रौं महाधिवेशन काठमाडौंमा भएको थियो। शेरबहादुर देउवा र भीमबहादुर तामाङलाई पछि पार्दै सुशील कोइराला सभापतिमा निर्वाचित भए। तेह्रौं महाधिवेशनपूर्व नै सुशील कोइरालाको निधन भयो र कार्यवाहक सभापतिको जिम्मेवारी रामचन्द्र पौडेलले सम्हाले।

तेह्रौं : २०७२ फागुनमा कांग्रेसको तेह्रौं महाधिवेशन काठमाडौंमा नै भयो। शेरबहादुर देउवा, रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलाबिच सभापतिमा प्रतिस्पर्धा भएको थियो। उनीहरू कसैले पनि ५० प्रतिशतभन्दा बढी मत कटाउन सकेनन्। पछि धेरै मत ल्याउने दुई नेताबिचको प्रतिस्पर्धामा पौडेललाई पछि पार्दै देउवा सभापतिमा निर्वाचित भए।

चौधौं : २०७८ मंसिरमा कांग्रेसको चौधौं महाधिवेशन काठमाडौंमा भयो। सभापतिमा शेरबहादुर देउवा, शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि र कल्याण गुरुङ प्रतिस्पर्धामा उत्रिए। पहिलो चरणमा आवश्यक ५० प्रतिशत मत नपाएपछि देउवा र शेखरबिचमा दोस्रो चरणमा प्रतिस्पर्धा भयो। देउवा सभापतिमा निर्वाचित भए।

२०८२ भदौमा भएको जेनजी विद्रोहसँगै कांग्रेसमा विवाद तीव्र बन्न पुग्यो। तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माको अगुवाइमा विशेष महाधिवेशन माग गरे। तत्कालीन संस्थापन पक्षबाट अस्वीकार गर्दा पनि थापा-शर्माको अगुवाईमा विशेष महाधिवेशन आयोजना भयो। सोही विशेष महाधिवेशनले देउवा नेतृत्व कार्यसमिति हटाएर थापाको नेतृत्वमा नयाँ समिति गठन गरेपछि पार्टीको विवाद थप पेचिलो बनेको थियो।

**विपद्प्रभावितलाई...**

समस्या पारेपछि सरकारले छुट्टै व्यवस्था प्रस्ताव गरेको हो।

गृह मन्त्रालयले तयार पारेको विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा मुलुकी देवानी संहिता, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा विशेष व्यवस्था थप्न प्रस्ताव गरिएको छ।

प्रस्तावित व्यवस्थाअनुसार सरकारले कुनै क्षेत्रलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी वा नगरी खोज तथा उद्धारको काम गरेको अवस्थामा त्यस्तो विपद्मा परी बेपत्ता भएका व्यक्ति फेला नपरे निश्चित प्रक्रिया पूरा भएपछि मृत्यु भएको मान्न सकिनेछ। यसका लागि हरेकपटक अदालतबाट मृत्युको न्यायिक घोषणा गराइरहनुपर्ने छैन।

हाल मुलुकी देवानी संहिताको दफा ४० मा कुनै व्यक्ति बेपत्ता भएमा सम्बन्धित व्यक्तिको मृत्युको न्यायिक घोषणा गर्न सकिने व्यवस्था छ। सरोकारवालाले बेपत्ता भएको मिति, ठेगाना, कारण र आधारसहित निवेदन दिएपछि अदालतले प्रमाण बुझेर मृत्युको न्यायिक घोषणा गर्न सक्छ।

प्रस्तावित संशोधनले भने विपद्मा बेपत्ता भएको र खोज तथा उद्धार गर्दा पनि फेला नपरेको अवस्थामा सरकारले निर्णय गरेको परिस्थितिमा यस्तो न्यायिक घोषणाको प्रक्रिया अनिवार्य नहुने व्यवस्था गर्न खोजेको छ।

सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा पनि छुट्टै व्यवस्था थप्न प्रस्ताव गरेको छ। प्रस्तावित 'विपद्बाट बेपत्ता व्यक्तिको घटना दर्तासम्बन्धी विशेष व्यवस्था'अनुसार विपद्बाट बेपत्ता भएका व्यक्तिको खोजतलास गर्दा फेला नपरेको अवस्थामा विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको भए त्यसको अवधि समाप्त भएपछि वा खोज तथा उद्धार कार्य समाप्त भएपछि मृत्यु दर्ताका लागि सूचना दिन सकिनेछ।

त्यस्तो सूचना बेपत्ता व्यक्तिको स्थायी ठेगाना वा अस्थायी बसोबास रहेको स्थानीय तह अथवा घटना भएको स्थानीय तहको पञ्जिकाधिकारीको कार्यालयमा दिन सकिने प्रस्ताव छ।

यसका लागि मृतकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिलगायत आवश्यक कागजात पेस गर्नुपर्नेछ। विदेशी नागरिकको हकमा राहदानी, प्रवेशाज्ञा र घटना भएको स्थानीय तहको सिफारिससमेत आवश्यक पर्ने प्रस्ताव छ।

सूचना प्राप्त भएपछि स्थानीय पञ्जिकाधिकारीले मृत्यु दर्ता गरी प्रमाणपत्र दिने व्यवस्था प्रस्ताव गरिएको छ। साथै, विपद्मा बेपत्ता भएका व्यक्तिको मृत्यु दर्ता नहुँदा परिवारले राहत पाउनदेखि सम्पत्तिको हक हस्तान्तरणसम्म समस्या भोग्दै आएका छन्।

सरकारले विपद् प्रभावित परिवारलाई राहत दिने व्यवस्था गरे पनि मृत्यु प्रमाणपत्र नभएका बेपत्ता व्यक्तिका परिवारले मृतकसरहको सुविधा प्राप्त गर्न कानुनी जटिलता भोग्ने गरेका छन्। त्यस्तै, बेपत्ता व्यक्तिको नाममा रहेको घरजग्गा वा बैंक खातामा रहेको रकम कानुनी रूपमा हकवालाको नाममा हस्तान्तरण गर्न पनि मृत्यु दर्ता आवश्यक पर्ने अवस्था छ। यसले परिवारको दैनिक जीविकोपार्जनमा समेत असर पार्ने गरेको छ।

यही समस्या रसुवाको भोटेकोशी बाढीपछि थप गम्भीर बनेको हो। भदौ १० गतेको बाढीमा ठूलो संख्यामा नागरिक बेपत्ता भएपछि शव नभेटिएका परिवारलाई राहत, मृत्यु प्रमाणपत्र र सम्पत्तिको हक हस्तान्तरणमा कानुनी समस्या देखिएको थियो। यसलाई सरकारले सम्बोधन गर्न विशेष ऐन नै बनाउन लागेको हो।

शव खोजतलास र हस्तान्तरणमा पनि नयाँ व्यवस्था प्रस्तावित छ। विधेयकले मृत्यु दर्तासँगै विपद्मा मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनसम्बन्धी व्यवस्था स्पष्ट गर्न खोजेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३३ मा संशोधन गरी गम्भीर प्रकृतिको विपद्मा मृत्यु भएका व्यक्तिको शव खोजतलास, भण्डारण तथा परिवारलाई हस्तान्तरणसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने प्रावधान थप्न प्रस्ताव गरिएको छ।

यसबाट शव भेटिएको अवस्थामा त्यसको खोजी, सुरक्षित भण्डारण, पहिचान र परिवारलाई हस्तान्तरण गर्ने प्रक्रियालाई समेत कानुनी आधार दिने गरी नयाँ विधेयक तयार भएको हो।

प्रस्तावित विधेयक ऐनमा रूपान्तरित हुन संसदीय प्रक्रिया पूरा गर्नुपर्छ। ऐनमा रूपान्तरित भएपछि प्राकृतिक विपद्मा परेकाहरूको खोज, उद्धार, राहत वितरण, शव व्यवस्थापन र बेपत्ता भएकाहरूलाई मृतक घोषणा गर्ने कानुनी उल्झन सुल्झिनेछ।

**जिम्मेवार...**

भएका काम कारबाहीको जिम्मेवारी नलिने भनी गैरजिम्मेवारीपूर्ण जवाफ दिएको भनी गुनासो प्राप्त भएको बताएको छ।

जिम्मेवारी नलिने अवस्था कायम रहेमा वैदेशिक रोजगारका लागि आवेदन दिने श्रमिक तथा सेवाग्राहीको इजाजतपत्र प्राप्त संस्थाप्रतिको विश्वास घट्ने तथा वैदेशिक रोजगार प्रक्रियाको पारदर्शिता र जवाफदेहितामा प्रतिकूल असर पर्ने भन्दै विभागले सेवाग्राहीलाई आवश्यक सूचना नदिने, गलत वा अपूर्ण सूचना दिने, आवेदनको अवस्थाबारे जानकारी नदिने, अनावश्यक रूपमा दुःख वा हैरानी दिने कार्य नगर्न भनेको छ।

शाखा कार्यालयहरूबाट प्रदान गर्नुपर्ने सेवाबाट पन्छिने वा सहजीकरण नगरे वा वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई झुटो आश्वासन दिएमा सोको जिम्मेवारी सम्बन्धित इजाजतपत्रवालाले लिनुपर्ने भन्दै विभागले चेतावनी शैलीमा भनेको छ, 'शाखा कार्यालयहरूले वैदेशिक रोजगारीमा जान खोजेका व्यक्तिले माग गरेको सूचना समयमै उपलब्ध गराउने व्यवस्था गर्नसमेत सूचित गरिन्छ।'

सेवाग्राहीलाई सहजीकरण नभएमा शाखा कार्यालयको अनुमति रद्द गर्ने तथा वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, २०६४ तथा प्रचलित कानुनबमोजिम कारबाही गरिने विभागले जनाएको छ।

विभागले अवैध एजेन्ट अर्थात् दलालहरूको झुटा आश्वासनबाट वैदेशिक रोजगारीका नाममा हुने ठगी नियन्त्रण गर्न जिल्लामा राखेका एजेन्ट खारेज गरी म्यानपावर कम्पनीहरूलाई शाखा विस्तारको अनुमति दिएको हो। तर, केही म्यानपावर कम्पनीले खारेज भएका एजेन्टलाई निश्चित रकम लिएर शाखा सञ्चालन गर्न सहमति दिने गरेको गुनासो पनि बढेको छ।

शाखा कार्यालयमाथि विभाग र स्थानीय जिल्ला प्रशासन कार्यालयले अनुगमन गर्न सक्ने भए पनि अनुगमन नहुँदा कतिपय म्यानपावर कम्पनीका शाखा केवल ठगी गर्ने माध्यम बनेको गुनासो बढेको छ।

**बिचौलियाबाट...**

स्वदेश फिर्ता कार्यक्रम सञ्चालन गरिरहेका बेला बिचौलियामार्फत ठगी हुन सक्ने र त्यससम्बन्धी केही गुनासा आएपछि दूतावासले श्रमिकलाई विशेष सावधानी अपनाउन अनुरोध गरेको हो।

नेपाली श्रमिकलाई विभिन्न विषयमा आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउने उद्देश्यले नेपाली दूतावासले हरेक शुक्रबार डेढ घण्टाको फेसबुक लाइभ कार्यक्रम सञ्चालन गर्दै आएको छ। फेसबुक लाइभमार्फत श्रमिकलाई आवश्यक सूचना तथा जानकारी प्रवाह गरिँदै आएको छ।

कार्यक्रममार्फत श्रमिकका समस्या र गुनासा प्रत्यक्ष रूपमा सुन्ने, आवश्यक जानकारी दिने तथा सम्भव भएसम्म सम्बन्धित निकायसँग समन्वय गरी समाधानको पहल गर्ने गरिएको दूतावासले जनाएको छ।

दूतावासले स्वदेश फर्किने प्रक्रियामा अन्योल भएमा अनधिकृत व्यक्ति वा एजेन्टको भर नपरी दूतावासबाटै आधिकारिक जानकारी लिन र अनावश्यक रकम नबुझाउन नेपाली श्रमिकलाई आग्रह गरेको छ।

**श्री घिरीखोला सामुदायिक वन उपभोक्ता समूह**
**शितगंगा नगरपालिका १३, भंगला अर्घाखाँची**
**मौजुदा सूचीमा दर्ता हुने बारेको सूचना**
**सूचना प्रकाशन मिति २०८३/०६/१८ आइतबार**

यस समूहको वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजनाको म्याद समाप्त भएकाले समूहको वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजनाको संशोधन तयारी, थिनिङ तथा सुधार कटान योजना तयार लगायतका कार्यक्रम परामर्श सेवाबाट गर्नुपर्ने भएकाले वन सम्बन्धि परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले दर्ता भएका इच्छुक परामर्शदाता, फर्म, संस्था वा सेवा प्रदायकले देहायका कागजातको प्रतिलिपी संलग्न गरी सार्वजनिक खरिद नियमावली २०६४ नियम १८ को उपनियम १ मा भएको व्यवस्था बमोजिम सोही नियमावलीको अनुसूची-२ क- बमोजिमको ढाँचामा सूचना प्रकाशनको मितिले १५ (पन्द्र) दिन भित्र यस समूहमा निवेदन दिनुहुन अनुरोध छ।

१. संस्था वा फर्म दर्ताको प्रमाणपत्र।
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र।
३. कर चुक्ताको प्रमाणपत्र।
४. आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्र।

**विशेष दर्ता खारेजी 30 दिने सूचना**

यस कार्यालयमा मिति २०६९।११।१२ मा दर्ता भएको **प्रा.लि. नं. १००३८१** को **यूनिक साईन** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**विशेष दर्ता खारेजी 30 दिने सूचना**

यस कार्यालयमा मिति २०६३।१२।१८ मा दर्ता भएको **प्रा.लि. नं. ४५००७** को **नेपाल फेश** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**दोस्रो पटक प्रकाशित मिति २०८३/०६/१८**

यस कम्पनीको मिति २०८३।०६।०९ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **सृजना इङ्गलिस बडिङ्ग स्कुल प्रा.लि. (दर्ता नं. १९७८७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।१४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सृजना इङ्गलिस बोडिङ्ग स्कुल सिरहा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**दोस्रो पटक प्रकाशित मिति २०८३/०६/१८**

यस कम्पनीको मिति २०८३।०६।०९ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **परियार कन्स्ट्रक्सन कम्पनी प्रा.लि. (दर्ता नं. २०३८७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।१४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एम. डि. घर निर्माण प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

# समयको मागअनुसार पाठ्यक्रम र पठनपाठनमा जोड दिनुपर्छ : राष्ट्रपति

**ललितपुर/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले प्रविधिको उच्चतम प्रयोग गर्दै समयको मागअनुसार पाठ्यक्रम र पठनपाठनलाई परिमार्जन गर्नुपर्ने बताएका छन् । उनले बदलिँदो समय र प्रविधिको विकाससँगै आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने गरी नेपालको शैक्षिक प्रणालीलाई अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

ललितपुरको जावलाखेलस्थित सेन्ट जेभियर्स माध्यमिक विद्यालयको ७५औं वार्षिकोत्सव कार्यक्रमको उद्घाटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले शिक्षा केवल ज्ञान र प्रमाणपत्र हासिल गर्ने माध्यम मात्र नभई नैतिकता, अनुशासन, सिर्जनशीलता, सहकार्य, करुणा र सामाजिक उत्तरदायित्व भएका नागरिक निर्माण गर्ने आधार भएको बताए ।

'ज्ञान र सीपसँगै नैतिकता, अनुशासन, सिर्जनशीलता, सहकार्य, करुणा र सामाजिक उत्तरदायित्व भएका नागरिक निर्माण गर्नु आजको शिक्षाको प्रमुख दायित्व हो,' उनले भने ।

राष्ट्रपति पौडेलले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि स्वदेशमै उत्पादनशील रोजगारीको अवस्था सिर्जना गर्न सक्ने शिक्षा आवश्यक रहेको बताए ।



हरेक नागरिकमा देशप्रतिको जिम्मेवारी र देशभक्तिको भावना अभिवृद्धि गर्ने शिक्षा प्रदान गर्न विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

उनले शिक्षाले व्यक्तिको ज्ञान, विवेक, चरित्र र जिम्मेवारी बोधको विकास गर्नुपर्ने बताए । शिक्षा व्यक्तिलाई आफ्नो समाज, संस्कृति, इतिहास र राष्ट्रप्रति सचेत तथा उत्तरदायी नागरिक बनाउन सहयोगी हुनुपर्ने उनको भनाइ थियो ।

नेपाल विभिन्न भाषा, संस्कृति, परम्परा र जीवन पद्धतिले समृद्ध देश भएकाले शैक्षिक प्रणालीले यस विविधतालाई सम्मान गर्नुपर्ने राष्ट्रपति पौडेलले बताए । शिक्षामार्फत विद्यार्थीमा राष्ट्रिय एकता, सामाजिक सद्भाव र सहअस्तित्वको भावना विकास गर्न सकिने उनले उल्लेख गरे ।

सेन्ट जेभियर्स माध्यमिक विद्यालयले नेपालको शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको राष्ट्रपति पौडेलले बताए । कुनै पनि शैक्षिक संस्थाको मूल्याङ्कन त्यसको निरन्तरता, प्रतिबद्धता, सेवा र योगदानको इतिहासबाट हुने उल्लेख गर्दै उनले सेन्ट जेभियर्स स्कुलले ज्ञानको उज्यालो फैलाउने यात्रालाई निरन्तरता दिएको बताए ।

विद्यालयले अनुशासन, संस्कार, सेवा, जिम्मेवारी र मानवीय मूल्यलाई शिक्षाको अभिन्न अंगका रूपमा अघि बढाएको राष्ट्रपति पौडेलले बताए । नेपालको शैक्षिक विकासमा विद्यालयले पुऱ्याएको योगदान प्रशंसनीय रहेको उल्लेख गर्दै उनले यहाँबाट शिक्षा हासिल गरेका विद्यार्थीले देश तथा विदेशका विभिन्न क्षेत्रमा पुऱ्याउँदै आएको योगदान पनि अनुकरणीय रहेको बताए ।

राष्ट्रपति पौडेलले शिक्षाको वास्तविक उद्देश्य परीक्षामा राम्रो परिणाम हासिल गर्नु वा प्रमाणपत्र प्राप्त गर्नुमा मात्र सीमित नरहेको बताए । परिवर्तनशील समयसँगै आधारभूत मानवीय मूल्यलाई अझ सुदृढ बनाउँदै लैजानुपर्ने आवश्यकता रहेको उनले औंल्याए ।

सूचना प्रविधिको तीव्र विकास भइरहेको वर्तमान समयमा नेपालको शैक्षिक प्रणालीले आगामी पुस्ताका लागि आवश्यक जनशक्तिको पहिचान गर्नुपर्ने राष्ट्रपति पौडेलको भनाइ थियो ।

'सूचना प्रविधिको द्रुत विकास भएको आधुनिक युगमा हामी कस्तो राष्ट्र नेपाल निर्माण गर्न चाहन्छौं र भोलिका लागि कस्तो जनशक्ति आवश्यक पर्छ भन्ने प्रश्नको उत्तर पनि हाम्रो शैक्षिक प्रणालीले पहिल्याउनुपर्छ,' उनले भने ।

राष्ट्रपति पौडेलले प्रविधिको विकासलाई शिक्षासँग जोड्दै विद्यार्थीमा ज्ञान र सीपसँगै मानवीय मूल्य, सामाजिक उत्तरदायित्व र सिर्जनशीलताको विकास गर्नुपर्ने बताए। आधुनिक प्रविधिको प्रयोगले पठनपाठनलाई प्रभावकारी बनाउन सकिने भए पनि शिक्षाको मूल उद्देश्य मानवीय र जिम्मेवार नागरिक निर्माण गर्नु रहेको उनको भनाइ थियो । उनले आगामी दिनमा सेन्ट जेभियर्स माध्यमिक विद्यालयले शिक्षाका माध्यमबाट नागरिकको सर्वाङ्गीण विकास र राष्ट्र निर्माणमा अझ प्रभावकारी योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

# वरिष्ठ पत्रकार हरि लम्सालको निधन

**काठमाडौं/मस-** वरिष्ठ पत्रकार हरि लम्सालको शनिबार बिहान १०:३० बजे निधन भएको छ । फोक्सोसम्बन्धी समस्याको उपचार गराइरहेका ७८ वर्षीय लम्सालको उपचारकै क्रममा ह्याम्स अस्पतालमा निधन भएको हो । स्वर्गीय लम्साल नेपाल पत्रकार महासंघ, काठमाडौं शाखाका पूर्वसभापति हुन् । उनका श्रीमती, दुई छोरी र दुई छोरा छन् ।

नेपाल पत्रकार महासंघका पूर्वसभापति तारानाथ दाहालले लम्सालको निधनप्रति दुःख व्यक्त गर्दै नेपाली पत्रकारितामा उनको योगदानको स्मरण गरेका छन् । दाहालका अनुसार लम्साल पाँच दशकभन्दा बढी समयदेखि पत्रकारितामा सक्रिय थिए । उनले 'राष्ट्रवाणी' साप्ताहिकको सम्पादकीय नेतृत्वसमेत गरेका थिए ।



लम्सालको शनिबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले जानकारी दिएका छन् । त्यसअघि लम्सालको पार्थिव शरीरमा महासंघ केन्द्रीय समितिका पदाधिकारी, सदस्यलगायत उपस्थित पत्रकार तथा सञ्चारकर्मीबाट श्रद्धाञ्जली अर्पण गरेका थिए ।

यसैबीच वरिष्ठ पत्रकार लम्सालको निधनमा नेपाल पत्रकार महासंघले स्तब्ध र दुःख व्यक्त गरेको छ । महासंघ काठमाडौं शाखाका पूर्वसभापति लम्सालले नेपाली पत्रकारिता र श्रमजीवी पत्रकारको हकहितका पक्षमा सञ्चालित हरेक अभियानमा सक्रिय भूमिका निर्वाह गर्दै आएका महासंघले जनाएको छ ।

महासंघले लम्सालको निधनले नेपाली पत्रकारिता जगत्ले एक योग्य, अनुभवी र परिपक्व पत्रकारलाई गुमाएको र महासंघले सक्रिय अभिभावक गुमाएको जनाएको छ । महासंघ स्वर्गीय लम्सालप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको छ । साथै, शोकको यस घडीमा विकास र विशालसहित शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनासहित गहिरो समवेदना प्रकट गरेको छ ।

# बाढीमा बेपत्ता ५५ मलेसियालीमध्ये एक जना ३७ दिनपछि सकुशल फेला

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, १७ भदौ

नेपालमा गत अगस्टमा आएको विनाशकारी बाढी तथा पहिरोपछि सम्पर्कविहीन भएका ५५ मलेसियाली नागरिकमध्ये एकजना ३७ दिनपछि सकुशल फेला परेका छन् । ती व्यक्ति मलेसियाली दूतावास, काठमाडौंमा आफैं सम्पर्कमा पुगेपछि सुरक्षित रहेको पुष्टि भएको हो । मलेसियाली सञ्चारमाध्यमका अनुसार, 'मलेसिया सोलिडारिटी : फेमिलिज इन होप' (मासफिह) का प्रवक्ता डा.मनिभन्नन रेथिनमले ती व्यक्ति अक्टोबर १ मा काठमाडौंस्थित मलेसियाली दूतावास पुगेको र त्यसपछि मलेसिया फर्किएको जानकारी दिएका छन् । उनी अक्टोबर २ को बिहान सुरक्षित रूपमा मलेसिया पुगेका थिए ।

रेथिनमका अनुसार, उक्त घटनाबारे मलेसियाको परराष्ट्र मन्त्रालयले बेपत्ता व्यक्तिका निकट आफन्त सदस्य रहेको 'केएलएन-एनओके' ह्वाट्सएप समूहमा जानकारी गराएको थियो । ती व्यक्तिको नाम भने सार्वजनिक गरिएको छैन ।



'ती व्यक्ति एक्लै यात्रा गरिरहेका थिए र सुरुमा सम्पर्कविहीन भएका ५५ मलेसियालीमध्ये सुरक्षित रहेको पुष्टि हुने उनी एक मात्र एकल यात्री हुन्,' रेथिनमलाई उद्धृत गर्दै 'बर्नामा'ले जनाएको छ । परिवारबाट प्राप्त विवरणअनुसार, ती व्यक्ति अगस्ट २५ मा दिउँसो ३:२६ बजे नागथली भ्यु-पोइन्टमा रहेको बताइएको छ । त्यसको भोलिपल्ट अर्थात् अगस्ट २६ मा उक्त क्षेत्रमा विनाशकारी बाढी आएको थियो ।

बाढीपछि सडक तथा पुलहरूमा क्षति पुगेको, विद्युत् र अन्य आधारभूत सेवा अवरुद्ध भएको तथा सञ्चार सम्पर्कसमेत प्रभावित भएका कारण उनी केही समय नागथली क्षेत्रमा अलपत्र परेको बताइएको छ । अन्ततः उनी काठमाडौंस्थित मलेसियाली दूतावाससम्म पुग्न सफल भएका थिए । ३७ दिनपछि परिवारसँग पुनर्मिलन भएको घटनालाई मासफिहले राहतको खबरका रूपमा लिएको छ ।

'३७ दिनको अनिश्चिततापछि एउटा परिवारले आफ्नो प्रियजनलाई पुनः स्वागत गर्न पाएको छ । यो परिवारको खुसी अझै प्रतीक्षामा रहेका अन्य परिवारले पनि महसुस गरेका छन्,'मासफिहले आफ्नो विज्ञप्तिमा भनेको छ ।

संगठनले एक व्यक्ति लामो समयसम्म सम्पर्कविहीन अवस्थामा रहेर पनि सुरक्षित फेला पर्न सफल भएको घटनाले बाँकी ५४ मलेसियालीको अवस्थाबारे आशा कायम राख्न सकिने जनाएको छ ।

यससँगै नेपालमा अझै सम्पर्कविहीन रहेका मलेसियाली नागरिकको संख्या ५५ बाट घटेर ५४ पुगेको छ। मलेसियाली अधिकारी तथा पीडित परिवारले बाँकी व्यक्तिहरूको अवस्थाबारे थप जानकारी प्राप्त गर्न निरन्तर पहल गरिरहेका छन् ।

यसअघि मलेसियाको परराष्ट्र मन्त्रालयले नेपालमा आएको बाढीपछि ५५ मलेसियाली नागरिकसँग सम्पर्क स्थापित हुन नसकेको जनाएको थियो । प्रभावित क्षेत्रमा सडक, पुल, विद्युत् तथा सञ्चार संरचनामा भएको क्षतिले उद्धार तथा खोजी कार्यमा समेत कठिनाइ उत्पन्न भएको मन्त्रालयले जनाएको थियो ।

नेपालमा भएको विपद्पछि बेपत्ता मलेसियालीका परिवारले सरकारी तहबाट खोजी, उद्धार तथा कानुनी प्रक्रियालाई तीव्र बनाउन माग गर्दै आएका छन् । हाल एकजना सकुशल फर्किए पनि बाँकी ५४ जनाको अवस्थाबारे परिवारहरू अझै अनिश्चिततामा छन् ।

# महेन्द्र महकको कथासंग्रह 'खदामा' विमोचन

**काठमाडौं/मस-** कथाकार महेन्द्र महकको पहिलो कथासंग्रह 'खदामा' विमोचन गरिएको छ । बेला पब्लिकेशन प्रालिले प्रकाशन गरेको उक्त कथासंग्रहको विमोचन कार्यक्रममा समीक्षकहरूले कृतिले वैदेशिक रोजगारीमा रहेका श्रमजीवी नेपालीको जीवन, पीडा, संघर्ष र आशालाई कथात्मक रूपमा प्रस्तुत गरेको बताए ।

समीक्षक नवीन विभासले 'खदामा'लाई नेपाली समाजका श्रमजीवी वर्गको प्रतिनिधि कथासंग्रहका रूपमा व्याख्या गरे । उनका अनुसार संग्रहका कथामा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्था, विशेषगरी नारी पात्रले भोग्ने उत्पीडन र त्यसबीच देखिने आशावादी स्वर प्रस्तुत गरिएको छ । बहुभाषिक तथा पारलैंगिक पात्रका कथामार्फत नेपाली खस भाषालाई समेत समृद्ध बनाउन कृति सफल रहेको उनले बताए ।

समीक्षक विभूति भट्टराईले 'खदामा'लाई वैदेशिक रोजगारीको पीडा समेटिएको कथासंग्रहका रूपमा चर्चा गरिन् । खाडी मुलुकमा वैदेशिक रोजगारीमा जाने नेपाली महिलाले भोग्ने



पीडाको प्रतिनिधित्व कृतिले गरेको उल्लेख गर्दै उनले यसलाई वैदेशिक रोजगारीसँग सम्बन्धित महत्त्वपूर्ण कथा-कृतिका रूपमा प्रस्तुत गरिन् । उनका अनुसार कृतिका कथाले नेपाली युवामा प्रेरणासमेत जगाउने सामर्थ्य राख्छन् । लेखक महेन्द्र महकले आफूले वैदेशिक रोजगारीका क्रममा अरबमा रहँदा भोगेका र देखेका अनुभवलाई कथामा रूपान्तरण गरेको बताए । कार्यस्थल र अरबका गल्लीहरूमा देखेका, भोगेका तथा महसुस गरेका श्रमिकका पीडा र अनुभवलाई कथासंग्रहमा समेटिएको उनको भनाइ छ ।

सल्यानको ग्रामीण परिवेशदेखि भारतको सिमला हुँदै संयुक्त अरब इमिरेट्ससम्मको श्रम-यात्रा महकको जीवनको महत्त्वपूर्ण अध्याय हो ।

किशोरावस्थामै श्रमको संसारमा प्रवेश गरेका उनले परदेशमा न्यून वेतनमा काम गर्ने श्रमिकले भोग्ने दुःख, संघर्ष, एक्लोपन, आशा र ससाना खुसीलाई नजिकबाट अनुभूत गरेका थिए । तिनै अनुभव उनका कथाका विषय र संवेदनामा रूपान्तरित भएका छन् । नेपाल फर्किएपछि लोकसेवा उत्तीर्ण गरी सरकारी सेवामा प्रवेश गरेका महक हाल नेपाल सरकारका उपसचिव छन् । प्रशासनिक जिम्मेवारीसँगै साहित्यिक यात्रालाई निरन्तरता दिइरहेका उनका कथामा प्रवासी श्रमिक जीवन, सामाजिक विस्थापन र मानवीय संवेदनाका विभिन्न तह भेटिन्छन् । 'खदामा' महकको पहिलो कथासंग्रह हो ।

# रौतहटमा १ लाख २० हजार थान नक्कली अन्तःशुल्क स्टिकर बरामद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १७ असोज

सीमावर्ती क्षेत्रबाट हुने अवैध तस्करी नियन्त्रणका लागि परिचालन गरिएको गस्ती टोलीले रौतहटमा ठूलो परिमाणमा मदिरामा प्रयोग हुने अन्तःशुल्क स्टिकर बरामद गरेको छ । भारतबाट नेपालतर्फ लुकिछिपी ल्याउँदै गरिएको १ लाख २० हजार थान अन्तःशुल्क स्टिकर सशस्त्र प्रहरीको गस्ती टोलीले नियन्त्रणमा लिएको हो । सशस्त्र प्रहरी बल नेपालका अनुसार शुक्रबार दिउँसो ३:३० बजेको समयमा रौतहटको बौधिमाई नगरपालिका-७ स्थित बंकुल भन्सार कार्यालयको पछाडि रहेको धानबारी क्षेत्रबाट उक्त स्टिकर बरामद गरिएको हो ।

सशस्त्र प्रहरी बल नेपाल बीओपी सरमुजवाका प्रमुख सशस्त्र प्रहरी निरीक्षक अचुत सुबेदीको कमान्डमा खटिएको टोलीले गस्ती गर्ने क्रममा भारतबाट दुई जना व्यक्तिले टाउकोमा कार्टुन बोकेर नेपालतर्फ आउँदै गरेको देखेको थियो । सीमा



नजिकै सुरक्षाकर्मीको टोलीलाई देख्नासाथ ती व्यक्तिहरूले आफूले बोकेको कार्टुन धानबारीमै फालेर पुनः भारततर्फ भागेका थिए। भागेका व्यक्तिहरूको खोजी कार्य तीव्र पारिनुका साथै भारतीय समकक्षी सीमा सुरक्षा बलसँग समेत आवश्यक समन्वय भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।

**६ रोलमा १ लाख २० हजार स्टिकर**

धानबारीमा छाडिएको कार्टुन नियन्त्रणमा लिएर खानतलासी गर्दा ६ वटा रोलमा बेरिएको अवस्थामा अन्तःशुल्क स्टिकर फेला परेको हो । प्रत्येक रोलमा २० हजारका दरले कुल १ लाख २० हजार थान स्टिकर रहेको सशस्त्र प्रहरीले जनाएको छ । जाँचबुझका क्रममा बरामद स्टिकर नेपाल सरकारको आन्तरिक राजस्व विभागबाट जारी हुने ५० यूपी, १८० एमएल क्षमताका मदिराका बोतलमा टाँस्न प्रयोग गरिने प्रकृतिको रहेको खुलेको छ । गौर भन्सार कार्यालयसँग गरिएको समन्वयअनुसार आर्थिक ऐनमा तोकिएको दरबमोजिम ५० यूपी, १८० एमएलको मदिरामा प्रतिस्टिकर ८८ रुपैयाँ २० पैसा अन्तःशुल्क लाग्ने कानुनी व्यवस्था छ ।

यदि यी स्टिकरहरू अवैध रूपमा मदिराका बोतलमा टाँसेर बजारमा पठाइएको भए राज्यकोषमा कुल १ करोड ५ लाख ८४ हजार रुपैयाँ बराबरको राजस्व नोक्सानी हुने प्रारम्भिक अनुमान गरिएको छ । समयमै सीमा क्षेत्रमा स्टिकर बरामद भएकाले सो परिमाणको राजस्व जोखिम टरेको छ ।

बरामद गरिएका सम्पूर्ण अन्तःशुल्क स्टिकरलाई आवश्यक कानुनी कारबाही तथा थप अनुसन्धानका लागि गौर भन्सार कार्यालय, रौतहटमा बुझाउने प्रक्रिया अघि बढाइएको छ ।

घटनाका सम्बन्धमा थप सूक्ष्म अनुसन्धान भइरहेको र सीमा क्षेत्रमा निगरानी थप कडा पारिएको सशस्त्र प्रहरी बल नेपाल ११ नम्बर गण, रौतहटका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक चेतराज जोशीले जानकारी दिए ।

# भूगर्भविद्को टोलीद्वारा पहिरो प्रभावित क्षेत्रको अध्ययन सुरु

**म्याग्दी/मस-** भूगर्भविद्हरूको टोलीले म्याग्दीका पहिरो प्रभावित क्षेत्रको स्थलगत अध्ययन सुरु गरेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा नेपाल भौगर्भिक समाजको नेतृत्वमा समाजका अध्यक्ष भास्कर खतिवडासहितको प्राविधिक टोलीले शुक्रबारदेखि पहिरोग्रस्त क्षेत्रको विस्तृत अध्ययन थालेको हो ।

टोलीले बेनी बजारको सुरक्षाका लागि चुनौती बनेका खरेनी खोल्सा, खोरिया पाखो र क्याम्पस चोकमाथिको पहिरोग्रस्त क्षेत्रमा पुगेर प्राविधिक अध्ययन गरेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिए ।

'नगरपालिकाको सिफारिस र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार शुक्रबार बेनीमा आउनुभएका भूगर्भविद् र प्राविधिकको टोलीले शनिबारदेखि नै अध्ययन सुरु गर्नुभएको छ', उनले भने, 'बेनी बजारसहित नगरपालिका र जिल्लाका सबै जोखिमयुक्त क्षेत्रको प्राविधिक अध्ययन गर्ने योजना रहेको छ ।'

भूगर्भविद्को टोलीले दिने सिफारिसका आधारमा पहिरो प्रभावित क्षेत्रमा अल्पकालीन तथा



दीर्घकालीन रोकथामका काम अघि बढाइने नगरप्रमुख केसीले बताए ।

पहिरोको अवस्था र माटोको बनोट आँकलन गर्न ड्रोनबाट तस्बिर लिनुका साथै पहिरो खसेको स्थानबाट ढुंगा तथा माटोका नमुना संकलन गरी वैज्ञानिक अध्ययन अघि बढाइने भूगर्भविद् एवं त्रिचन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक चम्पकबाबु सिलवालले बताए ।

'विभिन्न विधि र उपकरणको प्रयोगका साथै स्थलगत निरीक्षण गरेर पहिरो गएका क्षेत्रहरूको अध्ययन थालेका छौं', उनले भने, 'काठमाडौंबाट आएका चार, स्थानीय तहका प्राविधिक र भूगर्भविज्ञान अध्ययन गरेका स्थानीय जनशक्तिको तीन वटा समूह बनाएर पहिरोको अध्ययन थालेका छौं ।'

भूगर्भविद्को टोलीले स्थलगत अध्ययन तथा संकलित नमुनाको विश्लेषण गरी सरकारलाई प्राविधिक प्रतिवेदन बुझाउनेछ ।

गत हप्ताको वर्षापछिको बाढी र पहिरोका कारण म्याग्दीमा सात जनाको मृत्यु भएको छ भने दुई जना बेपत्ता छन् । दुई सयभन्दा बढी घरगोठमा पूर्ण क्षति पुगेको छ भने दर्जनौं गाउँका बासिन्दा विस्थापित भएका छन् ।

म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यका अनुसार शुक्रबारसम्म १११ घरमा पूर्ण क्षति, ९३ घरमा आंशिक क्षति र ३४२ घर जोखिममा परेका छन् । क्षतिको विवरण अझै थपिन सक्ने उनले बताए ।

असोज ८ देखि ११ गतेसम्म परेको झरीपछि आएको बाढी र पहिरोका कारण म्याग्दीका मुख्य सडक, विद्युत् तथा सञ्चार सुविधा अवरुद्ध हुँदा जनजीवन प्रभावित बनेको छ । अवरुद्ध यातायात, सञ्चार र विद्युत् सेवा सुचारु गराउने प्रयास भइरहेको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताए ।

## सम्पादकीय

# घर दिने वाचा पूरा गर

सुरक्षित अवास नागरिकको मौलिक हक हो । नेपालको संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चित गरेको छ । तर संविधान जारी भएको एक दशक बितिसक्दासमेत यो व्यवस्था लागू भएको छैन । भूमिहीन सुकुम्बासीले जग्गा र आवास पाएका छैनन् । दलितलाई तीन वर्षभित्र दिने भनिएको जग्गा र अवासको प्रावधान पनि अलपत्र छ । यही बेला सरकारले फेरि 'हरेक नागरिकलाई आवास सुनिश्चित गर्ने' भन्दै भवन ऐन संशोधन विधेयक ल्याएको छ । प्रस्तावित व्यवस्थामा पहिलो घर बनाउनेलाई निर्माण सामग्री, नमुना डिजाइन र प्राविधिक सहयोगदेखि अति विपन्न परिवारलाई संघ र प्रदेशबाट नगद अनुदान दिने योजना अघि सारेको छ । जोखिमयुक्त बस्ती स्थानान्तरण, विपद् प्रभावितलाई सुरक्षित आवास र मध्यम आय भएका परिवारलाई सहुलियतपूर्ण कर्जासम्मका आकर्षक प्रावधान विधेयकमा समेटिएका छन् ।

एकातिर संविधानले सुनिश्चित गरेको आवासको मौलिक हक कार्यान्वयन भइराखेको छैन । अर्कोतिर सरकारले थप योजनासहितको विधेयक ल्याएको छ । संविधान कार्यान्वयन गर्नसमेत प्रस्तुत विधेयक उपयुक्त छ । पहिलो घर बनाउनेलाई नमूना डिजाइन, प्राविधिक परामर्श निःशुल्क, स्थानीय तथा रैथाने निर्माण सामग्री निःशुल्क, अन्य आवश्यक प्राविधिक सहयोग निःशुल्क, अति विपन्नलाई संघीय सरकारको ५० हजार अनुदान, अति विपन्नलाई प्रदेश सरकारको २५ हजार अनुदान, स्थानीय सरकारले रैथाने निर्माण सामग्री उपलब्ध गराउने प्रस्तावित स्वागतयोग्य छन् । तर कार्यान्वयन कसरी हुन्छ भनेर सरकारले विश्वस्त पार्न सकेको छैन । अति विपन्न कसलाई भन्ने यो प्रश्न अनुत्तरित छ । अन्यत्र घर नभएकोलाई पहिलो घर बनाउँदा सहुलियत दिने भनिएको छ, तर यसका आउन सक्ने जटिलता केलाइएको छैन । जोखिमयुक्त बस्ती कुन आधारमा घोषणा गर्ने ? यसको लागि पूर्वअध्ययन भएको छैन । यो भएन भने नीति जति आकर्षक भए पनि कार्यान्वयन हुँदैन र त्यस्तो नीतिको अर्थ पनि रहँदैन ।

यसअघि संविधानले आवासको हक सुनिश्चित गरेपछि त्यसलाई कार्यान्वयन गर्न २०७५ मै 'आवासको अधिकारसम्बन्धी ऐन' बनिसकेको छ । उक्त ऐनले आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताका आधारमा आवास सुविधा उपलब्ध गराउने, आवश्यकताअनुसार सहुलियतपूर्ण कर्जा तथा आंशिक अनुदान दिने, न्यूनतम सेवा–सुविधा र पूर्वाधार सुनिश्चित गर्ने तथा स्थानीय तहसँग समन्वय गरेर कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । तर कार्यान्वयन भएको छैन । त्यसैले नयाँ विधेयकलाई पनि अर्को आकर्षक घोषणामा सीमित गरियो भने नागरिकमा निराशा बढ्न सक्छ । सरकारले पहिलो घर बनाउने नागरिकलाई सहुलियत दिँदै योजना ल्याउँदा सहुलियतपूर्ण ऋणमा सुरक्षित घर उपलब्ध गराउने लगायतका योजना समेत अघि सारेको छ । यी सबैको अर्थ त्यतिबेला मात्र हुन्छ, जब कुनै पनि नागरिकले राज्यले दिन्छु भनेको सेवा र सुविधा सहजै प्राप्त गर्न सकोस् । यसका निम्ति सरकारले तत्काल आवश्यक पूर्वअध्ययन गरोस्, कार्यान्वयन गर्ने योजना ल्याओस् र आवश्यक बजेट छुट्याओस् ।

# सूचना संकट र अबको बाटो

भ्रामक सूचना र कृत्रिम बुद्धिमत्ता (एआई)ले विश्वव्यापी सूचना प्रणालीमा गम्भीर संकट निम्त्याएका छन् । यो लडाइँ तथ्य जाँचमा मात्र सीमित छैन । यसका लागि जनविश्वास पुनर्निर्माण, डिजिटल साक्षरता, अन्तर्राष्ट्रिय सहकार्य र स्थानीय भाषामा तालिम आवश्यक छ । सत्यको रक्षाका लागि अब सम्पूर्ण सूचना समाज नै जिम्मेवार र सचेत बन्नुपर्छ ।

अग्रलेख



● टंक कला तिमिल्सेना

सेप्टेम्बर २२, २०२६ मा मस्कोस्थित नेसनल सेन्टरमा विश्वका विभिन्न देशबाट पत्रकार र तथ्य-जाँचकर्ता उपस्थित थिए । अनुसन्धानकर्ता, सरकारी प्रतिनिधि, प्रविधि विज्ञ र सञ्चारकर्मी पनि सहभागी थिए । उनीहरू एउटै प्रश्नमा केन्द्रित थिए- गलत र भ्रामक सूचनाले तीव्र रूपमा बदलिइरहेको विश्वलाई कसरी सुरक्षित राख्ने ?

त्यो दिन म सहभागीका रूपमा मात्र थिइनँ । 'डाइलग अबाउट फेक्स ४.०' कार्यक्रम आयोजना गरिएको थियो । त्यहाँ 'आफ्टर फेक न्यूजः पुटिङ् इट टु द टेस्ट' सेसन थियो । म त्यस सेसनमा वक्ताका रूपमा उपस्थित थिएँ । मैले आफ्ना अनुभव र दृष्टिकोण राख्ने अवसर पाएँ । नेपालबाट मस्कोसम्मको यात्रा मेरो लागि सहभागिता मात्र थिएन । विश्वको सूचना प्रणाली कुन दिशातर्फ जाँदै छ ? यो कुरा प्रत्यक्ष रूपमा बुझ्ने अवसर पनि थियो ।

सन् २०२३ देखि मस्कोमा 'डाइलग अबाउट फेक्स' हुँदै आएको छ । यसको चौथो संस्करणमा ८० देशका करिब दुई हजार प्रतिनिधि सहभागी थिए । फोरममा गलत सूचना र पत्रकारितामाथि छलफल भयो । तथ्य-जाँच, कृत्रिम बुद्धिमत्ता र डिजिटल प्लेटफर्मबारे पनि कुरा भए । निर्वाचन, अनलाइन ठगी तथा सूचना सुरक्षालगायत विषय समेटिएका थिए । तर मेरो लागि सबैभन्दा महत्वपूर्ण प्रश्न अर्कै थियो । फेक समाचार पत्ता लागेपछि के हुन्छ ?



**'फेक' सूचनाको प्रभाव**

हामी प्रायः तथ्य-जाँचलाई सरल प्रक्रियाका रूपमा बुझ्छौं । कुनै सामग्री सही हो वा गलत भनेर पत्ता लगाइन्छ । त्यसपछि 'सही' वा 'गलत' को निष्कर्ष दिइन्छ । तर मस्कोको छलफलले मलाई अर्को प्रश्नतर्फ लग्यो । गलत सूचना सार्वजनिक भइसकेको हुन्छ । त्यसले मानिसको सोच र व्यवहारमा प्रभाव पारिसक्छ । कसैले डर फैलाउने भिडियो हेरेको हुन सक्छ । त्यो भिडियो गलत प्रमाणित हुन सक्छ । तर उसले महसुस गरेको डर तत्काल समाप्त हुँदैन । कसैले संस्थाप्रति अविश्वास गर्ने सामग्री देखेको हुन सक्छ । त्यसको प्रभाव तथ्य-जाँचको एउटा पोस्टले मात्र मेट्न सक्दैन ।

फोरममा 'आफ्टर द फेक' छलफल भएको थियो । त्यहाँ जीएफसीएनका विभिन्न देशका विज्ञहरू थिए । गलत सूचना खण्डन गरिसकेपछि पनि असर बाँकी रहन्छ । समाजमा भावनात्मक, आर्थिक र सामाजिक असर रहने विषय उठाइयो । उक्त छलफलमा नेपालबाट म पनि वक्ता थिएँ । यसले एउटा महत्वपूर्ण तथ्य सम्झाउँछ । फेक न्यूजविरुद्धको लडाइँ गलत कुरा पहिचान गर्नु मात्र होइन । यो मानिसको विश्वास पुनःनिर्माण गर्ने लडाइँ पनि हो ।

विश्वले गलत सूचनालाई गम्भीर जोखिमका रूपमा हेर्न थालेको छ । यो चुनौती अत्यन्त गम्भीर छ । विश्व आर्थिक मञ्चको 'ग्लोबल रिस्क रिपोर्ट २०२५' ले पनि यो देखाउँछ । प्रतिवेदनले मिस/डिस इन्फरमेसनलाई प्रमुख जोखिम मानेको छ । आगामी दुई वर्षका लागि यो सबैभन्दा ठूलो विश्वव्यापी जोखिम हो । यस्ता सूचनाले सामाजिक विभाजन बढाउँछन् । शासनप्रतिको विश्वास कमजोर बनाउँछन् । संकट समाधानका लागि आवश्यक सहकार्य कठिन हुन्छ । यसको अर्थ गलत सूचना सञ्चारमाध्यमको मात्र समस्या रहेन । यो लोकतान्त्रिक संवाद र सार्वजनिक विश्वाससँग जोडिएको छ । यो सामाजिक स्थिरता र संकट व्यवस्थापनको विश्वव्यापी समस्या बनेको छ ।

विशेष गरी युद्ध र राजनीतिक संकटका बेला असर गम्भीर हुन्छ । प्राकृतिक विपत्ति, महामारी वा सामाजिक तनावमा पनि प्रभाव पर्छ । मानिसलाई त्यतिबेला सूचना सबैभन्दा बढी चाहिन्छ । तर त्यही समयमा अपुष्ट सूचना छिटो फैलिन्छ । पुरानो भिडियो नयाँ घटनासँग जोडिन्छ । नक्कली सरकारी सूचना आधिकारिक भनेर फैलिन्छ । अनुमानलाई तथ्यका रूपमा प्रस्तुत गरिन्छ । सामाजिक सञ्जालको अल्गोरिदमले रुचिकै सामग्री देखाउँछ । यसले सो विषयबारे गलत धारणा झन् बलियो बनाउँछ ।

**'फेक' उत्पादन गति**

कृत्रिम बुद्धिमत्ता (एआई) यो चुनौतीको नयाँ अध्याय हो । जेनेरेटिभ एआईले सामग्री उत्पादन सहज बनाएको छ । फोटो, भिडियो, आवाज र पाठ बनाउन समय लाग्दैन । मानिसहरूका लागि यसको लागत अत्यन्त कम भएको छ । परिणामस्वरूप चुनौती झनै जटिल बनेको छ । अब 'कुन सूचना गलत हो ?' भन्ने प्रश्न मात्र रहेन । वास्तविक सामग्री र कृत्रिम सामग्री कसरी छुट्याउने ? यो मुख्य सवाल बनेको छ । विश्व आर्थिक मञ्चले पनि यसबारे भनेको छ । एआईबाट ठूलो मात्रामा भ्रामक सामग्री उत्पादन हुन सक्छ । यसले मिसइन्फरमेसनको चुनौती अझ कठिन बनाउँछ ।

युनेस्कोको २०२४ मा विश्वव्यापी अध्ययन गरेको थियो । ४५ देशका ५०० डिजिटल सामग्री सिर्जनाकर्ता अध्ययनमा समेटिए । तीमध्ये ६२ प्रतिशतले व्यवस्थित तथ्य-जाँच गर्दैनथे । उनीहरू सामग्री साझा गर्नुअघि पुष्टि गर्दैनथे । साथै ७३ प्रतिशतले तथ्य-जाँचसम्बन्धी तालिम लिन चाहेका थिए । यसले अर्को महत्वपूर्ण कुरा देखाउँछ । समस्या प्रविधिको होइन । यो डिजिटल साक्षरता र सूचना संस्कृतिको पनि हो ।

**नेपालमा थप जोखिम**

म नेपालको प्रतिनिधिका रूपमा मस्कोमा थिएँ । मैले विश्वव्यापी बहसलाई आफ्नै देशसँग जोडेर हेरेँ । नेपालमा सामाजिक सञ्जालको पहुँच तीव्र रूपमा बढ्दै छ । राजनीतिक परिवर्तन वा सामाजिक तनावका बेला जोखिम हुन्छ । प्राकृतिक विपत्ति वा सार्वजनिक सरोकारका विषयमा भ्रामक सामग्री फैलिन्छन् । पुरानो भिडियो र अपुष्ट दाबी क्षणभरमै लाखौँसम्म पुग्छन् ।

संकटको समयमा गलत सूचनाले वास्तविक बुझाइ प्रभावित पार्छ । नेपालका राजनीतिक, साम्प्रदायिक र विपद्का घटनाले यो देखाएका छन् । त्यतिबेला फैलिएका अफवाहले ठूलो असर पारेका थिए । सामाजिक सञ्जालको व्याख्या मानिसका लागि बढी विश्वसनीय बन्न पुग्छ। यसो हुँदा वास्तविक तथ्य सधैँ पछाडि पर्छ । सत्य तोडमोड गरिएको सूचनाले बढी असर पार्छ । त्यसैले नेपालमा तथ्य-जाँच मिडियाको मात्र काम होइन । यो विशेष संस्थाको मात्र जिम्मेवारी हुन सक्दैन । पत्रकार, अनुसन्धानकर्ता, शिक्षक र विद्यार्थी सबै सजग हुनुपर्छ । कानुन व्यवसायी, सरकारी निकाय, प्रविधि कम्पनी र नागरिक साक्षर हुनुपर्छ ।

'डाइलग अबाउट फेक्स ४.०' को महत्व यहीं छ । मस्को फोरमको एउटा महत्वपूर्ण पक्ष थियो । यसले फेक न्यूजको समस्यालाई एउटै कोणबाट हेरेन । पत्रकारले पत्रकारिताको दृष्टिकोणबाट हेरे । तथ्य-जाँचकर्ताले भेरिफिकेसनको दृष्टिकोणबाट हेरे । प्रविधि विज्ञले अल्गोरिदम र एआईको दृष्टिकोणबाट हेरे । अनुसन्धानकर्ताले सही प्रमाणको दृष्टिकोणबाट हेरे । अन्तर्राष्ट्रिय प्रतिनिधिले सीमापार सूचना प्रवाहको दृष्टिकोणबाट हेरे। उनीहरूले एउटै समस्यालाई विभिन्न कोणबाट बुझ्ने अवसर पाए ।

गलत सूचना कुनै देशको सीमामा रोकिँदैन । एउटा देशको सामग्री केही मिनेटमै अर्को देश पुग्छ । त्यसैले मेरो सधैँ यही भनाइ छ । तोडमोड गरिएका सूचनाले नकारात्मक असर पार्छन् । यसको समाधान अन्तर्राष्ट्रिय सहकार्यविना सम्भव छैन ।

फोरममा जीएफसीएन र ओएएन बीच छलफल भएको थियो । उनीहरूबीच साझा दृष्टिकोण विकास गर्नेबारे कुरा भयो। जीएफसीएनका अनुसार फोरममा ८० देशका प्रतिनिधि थिए । करिब २,००० सहभागीको उपस्थिति थियो । यस्तो अन्तर्राष्ट्रिय नेटवर्कले अनुभव आदानप्रदान गर्ने आधार बनाउँछ । यसले अनुसन्धान र व्यावहारिक अभ्यास साटासाट गर्न सघाउँछ ।

**गलत सूचनाविरुद्धको लडाइँ**

मेरो विचारमा आगामी दिनमा यस्ता फोरम सीमित हुनु हुँदैन । 'डाइलग अबाउट फेक्स' केवल सम्मेलनमा रोकिनु हुँदैन । छलफललाई ठोस अन्तर्राष्ट्रिय परियोजनामा परिणत गर्नुपर्छ । पहिलो, विश्वव्यापी तथ्य-जाँच सहकार्यको नेटवर्क बलियो बनाउनुपर्छ । दोस्रो, संकटका बेला प्रयोग हुने संयन्त्र बनाउनुपर्छ । यसका लागि इमर्जेन्सी इन्फरमेसन भेरिफिकेसन मेकानिजम चाहिन्छ । तेस्रो, युवाहरूलाई मिडिया साक्षरताको तालिम दिनुपर्छ । पत्रकार, तथ्य-जाँचकर्ता र डिजिटल क्रिएटरलाई एआई तालिम दिनुपर्छ । चौथो, एआई सामग्री पहिचानका लागि प्राविधिक सहकार्य आवश्यक छ । स्रोत प्रमाणीकरण र उत्पादन रेकर्डका लागि सहकार्य हुनुपर्छ । पाँचौं, फोरमका अनुसन्धान र अनुभव विभिन्न भाषामा उपलब्ध हुनुपर्छ । नेपाली भाषालाई फोरमले खास नोटिसमा राखेन । तर नेपाल गलत सूचनाबाट अति प्रभावित मुलुक बनिरहेको छ । फोरमले नेपाली भाषालाई पनि प्राथमिकतामा राखोस् भन्ने मेरो माग थियो ।

सूचना संकट विश्वव्यापी भए पनि भाषा र सन्दर्भ फरक हुन्छन् । त्यसैले नेपालजस्ता देशका लागि स्थानीय भाषामा तालिम आवश्यक छ । यस कारण जीएफसीएनले आफ्नो क्षेत्र विस्तार गरोस् । उसले सरकारी निकायसँग समन्वय गरेर नेपालमा कार्यालय खोलोस् । यसले प्रभावित मुलुकमा आफ्नो उपस्थिति बलियो बनाउन सक्छ ।

**सत्यको निर्भरता विश्वासमा**

मस्कोबाट फर्किंदा मेरो ठुलो अनुभूति यही हो- फेक न्युजविरुद्धको लडाइँ कसै एक्लैले जित्न सक्दैन । यो कुनै एउटा देश, संस्था वा प्रविधिको लडाइँ होइन । यो पत्रकारिताको लडाइँ हो । यद्यपि, यो पत्रकार र तथ्य-जाँचकर्ताको मात्र जिम्मेवारी होइन । यो प्रविधि कम्पनीहरूको पनि दायित्व हो। मेरो विचारमा यो सम्पूर्ण सूचना समाजको साझा जिम्मेवारी हो । आज एउटा गलत तस्बिर मिनेटमै लाखौँसम्म पुग्न सक्छ । भोलि एआईले त्यही काम अझ तीव्र बनाउन सक्छ । त्यसैले हाम्रो उत्तर पनि त्यत्तिकै तीव्र हुनुपर्छ । यो प्रमाणमा आधारित, विश्वसनीय र अन्तर्राष्ट्रिय स्तरको हुनुपर्छ ।

विश्वलाई अब 'सत्य जाँच'ले मात्र पुग्दैन । सूचनाको पुनरुत्थान क्षमता (इन्फर्मेसन रेजिलेन्स) चाहिएको छ । जहाँ यस्तो समाज होस्, जसले सूचना देख्नेबित्तिकै विश्वास नगरोस् । उसले पहिले स्रोत खोजोस् । भिडियो भाइरल हुँदैमा सत्य नमानोस् । मानिसले प्रमाण खोजोस् । प्रभावशाली व्यक्तिले भनेकै कारण सही नठानोस् । उसले वास्तविकताबारे प्रश्न गरोस् । गलत सूचना फैलिएको अवस्थामा पनि विचार बदलियोस् । मानिसले तथ्य, प्रमाण र जिम्मेवार संवादका आधारमा धारणा बदलून् । मैले महसुस गरेको कुरा यही हो ।

'डाइलग अबाउट फेक्स ४.०' जस्ता मञ्चको उद्देश्य महत्वपूर्ण छ । यसको काम गलत सूचनाको खण्डन गर्नु मात्र होइन । यसको उद्देश्य सत्यमा आधारित सूचना संस्कृति निर्माण गर्नु हो । यसका लागि विश्वलाई एउटै संवादमा ल्याउनुपर्छ । आजको डिजिटल युगमा यही संवाद सबैभन्दा आवश्यक पूर्वाधार बन्नुपर्छ ।

**लेखक तिमिल्सेना जिएफसिएन विज्ञ हुन् ।**

# चाडपर्वमा ध्यान दिनुपर्ने उपभोक्ता अधिकार

उपभोक्ता



● डा. सुमनकुमार रेग्मी

*चाडपर्वका बेला बजारमा हुने कालोबजारी, मूल्यवृद्धि र अखाद्य वस्तुको बिक्री रोक्न ऐन-कानुन बने पनि कार्यान्वयन फितलो छ । उपभोक्ता हित संरक्षणका लागि मौसमी अनुगमन त्यागी एकीकृत कानुन, कडा कारबाही, अन्तर-निकाय समन्वय र तल्लो तहसम्म उपभोक्ता सचेतना फैलाउनु अपरिहार्य देखिन्छ ।*

देशमा राजनीतिक अस्थिरता र संकटकाल अन्त्य भए पनि उपभोक्ता अधिकार कुण्ठित हुने क्रम रोकिएको छैन । चाडपर्व वा अन्य बहानामा फाइदा उठाउँदै दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव सिर्जना गर्ने र बढी मूल्य असुल्ने प्रवृत्ति कायमै छ । यद्यपि, बजार अनुगमन र खबरदारीका कारण पछिल्लो समय उपभोक्ता स्वयं पनि सचेत हुन थालेका छन् ।



नेपालमा उपभोक्ता संरक्षण ऐन २०७५ र नियमावली २०७५, स्वच्छ बजार नियमन गर्ने प्रतिस्पर्धा ऐन २०६३ र नियमावली २०६५, एन्टी-डम्पिङ तथा काउन्टरभेलिङ ऐनजस्ता कानुनी संरचना विद्यमान छन् । तर, तिनको फितलो कार्यान्वयनका कारण उपभोक्ता अधिकार सही ढङ्गले सुरक्षित हुन सकेको छैन । उपभोक्ता हक सुनिश्चित गर्न तल्लो तहसम्म शिक्षा र सचेतनाका कार्यक्रम लैजानु आवश्यक छ ।

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ अनुसार अनुचित नाफा कमाउनेलाई पाँच वर्षसम्म कैद र जरिवाना तथा औषधिमा मिसावट गरी बिक्री गरेमा १० वर्षसम्म कैद र जरिवानाको व्यवस्था छ । तर, यी कानुनी प्रावधानको प्रभावकारी पालना हुन सकेको छैन । बजारमा निरन्तर हुने अखाद्य वस्तुको मिसावट र गुणस्तरहीन सामानको बिक्रीले सर्वसाधारण आक्रान्त छन् । परीक्षणका लागि वैज्ञानिक उपकरण र नियमित अनुगमनको अभावमा अखाद्य सामग्री खुल्ला रूपमा बिक्री भइरहेका छन् । जिल्ला अनुगमन समितिहरूले चाडपर्वका बेला सूचना दिएर गर्ने अनुगमन झारा टार्ने किसिमको मात्र हुने गरेको उपभोक्ताको गुनासो छ ।

उपभोक्ता हित संरक्षण ऐन २०७५ अनुसार उपभोग्य वस्तुको लेबलमा उत्पादकको नाम, ठेगाना, उद्योग दर्ता नम्बर, मिश्रणको परिमाण, तौल, गुणस्तर, उपभोग गर्ने तरिका, मूल्य, ब्याच नम्बर, उत्पादन मिति र म्याद सकिने मिति अनिवार्य उल्लेख हुनुपर्छ । लेबल नराखी बिक्री गरेमा दुई वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ । तर, कैफियत भेटिँदा पनि व्यवसायीलाई कडा कारबाही हुन सकेको छैन ।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागसहित ११ वटा नियमनकारी निकाय भए पनि समन्वय अभावमा दोषीले सहजै उन्मुक्ति पाउँदै आएका छन् । खाद्य ऐन २०४९ (तेस्रो संशोधन) को दफा ५ ले न्यूनस्तरको खाद्य पदार्थ उत्पादन वा बिक्री गर्नेलाई पहिलोपटक एक हजारदेखि दुई हजार रुपैयाँ र दोस्रोपटकदेखि दुई हजारदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना वा पाँच महिनादेखि एक वर्षसम्म कैदको व्यवस्था गरेको छ । तर, कानुनमा रहेका त्रुटि र फितलो अनुगमनको फाइदा उठाउँदै बिचौलिया र कालोबजारी गर्नेहरू जोगिने गरेका छन् ।

सरकारले चाडपर्वमा मात्रै गर्ने मौसमी अनुगमनले विकृति रोक्न सकेको छैन। उपत्यका र बाहिरी जिल्लाहरूमा पक्राउ परेका व्यापारी छुटाउन बजार बन्द गराउनेसम्मका गतिविधि हुने गरेका छन् । खाद्यान्न र तरकारीको अस्वाभाविक मूल्यवृद्धिले सर्वसाधारणलाई मार परेको छ । यस्तै, निर्माण कार्य बढ्ने समयमा उत्पादकहरूले सिन्डिकेट र कार्टेलिङ गरी छडलगायत निर्माण सामग्रीको मूल्य बढाउने गरेका छन् । हरेक पसलमा मूल्यसूची टाँस्ने र छुट्टै उपभोक्ता अदालत गठन गर्ने चर्चा चले पनि कार्यान्वयनमा आउन सकेको छैन ।

पछिल्लो समय जिल्ला प्रशासन कार्यालयहरूको नियमित सक्रियताले सदरमुकामका व्यापारीमा म्याद नाघेका सामान बिक्री गर्नँहुँदैन भन्ने सचेतना भने केही बढेको छ । तर, पशु वधशाला र मासु जाँच ऐन २०५५ पूर्ण रूपमा लागू नहुँदा उपभोक्ता अस्वस्थकर मासु उपभोग गर्न बाध्य छन् । कतै स्वीकृति लिएर सञ्चालित खुद्रा पसलमा अवैध कारोबार र राजस्व छली हुने गरेको छ भने कतै विदेशबाट आयातित तथा स्थानीय म्याद गुज्रेका सामानमा नयाँ मिति राखेर बिक्री गर्ने गरिएको छ । यस्ता पसलहरूमा साइनबोर्ड, खाद्य अनुज्ञापत्र, मूल्यसूची र नापतौल प्रमाणीकरण हुनुपर्ने निर्देशन दिइए पनि अटेर गर्ने प्रवृत्ति छ ।

हाल सरकारी निकायहरूले उपभोक्तासम्बन्धी करिब तीन दर्जन कानुनका दोहोरिएका प्रावधानलाई मिलाएर एकीकृत ऐन ल्याउने तयारी गरिरहेका छन् । अधिकार बाँझिँदा र अनुगमनकारी निकायलाई सिधै कारबाही गर्ने अधिकार नहुँदा समस्या आएकाले एकीकृत कानुन आवश्यक देखिएको हो । संघीय संरचना लागू भएपछि २०७४/७५ देखि स्थानीय तहलाई पनि अनुगमन र कारबाहीको अधिकार दिइएको छ । तर, अनुगमन उपत्यका र सुगममा मात्र सीमित हुँदा ठूला व्यवसायीले म्याद गुज्रेका सामान दुर्गम क्षेत्रमा पठाउने गरेका छन्। संख्यात्मकभन्दा गुणात्मक अनुगमन नहुँदा बजार अझै स्वच्छ हुन सकेको छैन ।

**लेखक रेग्मी व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका पूर्व नायव कार्यकारी निर्देशक हुन् ।**

## इतिहासको पाना

● सन्तोष खडेरी

### दुई पटक प्रधानमन्त्री भएर राजदूत बनेका मातृका



दुई पटकसम्म देशको प्रधानमन्त्री भइसकेको व्यक्ति पछि कुनै देशको राजदूत नियुक्त भएको घटना सुन्दा अनौठो लाग्न सक्छ । तर छ दशकअगाडि नेपालमा यस्तै भएको थियो । वि.सं. २००७ को प्रजातन्त्रपछि राणा-कांग्रेस सरकार विघटन भएसँगै राजा त्रिभुवनले मातृकाप्रसाद कोइरालालाई सन् १९५१ नोभेम्बर १६ मा पहिलोपटक प्रधानमन्त्री नियुक्त गरे । आन्तरिक दलीय राजनीतिकै कारण उनले सन् १९५२ अगस्ट १० मा राजीनामा दिए। पछि, सन् १९५३ जुन १५ मा उनी पुनः दोस्रोपटक प्रधानमन्त्री बने र सन् १९५५ मा राजीनामा दिए ।

दुई पटक प्रधानमन्त्री बनिसकेका मातृकाप्रसादलाई सन् १९६१ अप्रिलमा राजा महेन्द्रले अमेरिकाका लागि नेपाली राजदूत र संयुक्त राष्ट्रसङ्घका लागि स्थायी प्रतिनिधिमा नियुक्त गरे। सन् १९६४ मार्चमा उनी पूर्वसर्तअनुसार राजीनामा दिएर नेपाल फर्किए। पूर्वप्रधानमन्त्री राजदूत बनेर जानु उपयुक्त थियो र ? भन्ने प्रश्नमा उनले भनेका थिए, 'म आफ्नो इच्छा वा पदको मोहले गएको होइन । राजाको प्रत्यक्ष नेतृत्वलाई सहयोग गर्ने पूर्वसर्तअनुसार नै गएको थिएँ र सोहीअनुसार राजीनामा दिएर फर्किएँ ।'

पूर्वप्रधानमन्त्री राजदूत बन्नु नेपालका लागि नयाँ अभ्यास भए पनि अन्तर ाष्ट्रिय जगतमा भने यो सामान्य मानिन्छ । पाकिस्तानका पूर्वप्रधानमन्त्री मुहम्मद अलि बोग्रा प्रधानमन्त्री हुनुअघि र पछि पनि अमेरिकाका लागि राजदूत बनेका थिए । इन्डोनेसियाका पूर्वप्रधानमन्त्री अलि सास्त्रमिलोभी प्रधानमन्त्री भएपछि संयुक्त राष्ट्रसङ्घका लागि स्थायी प्रतिनिधि नियुक्त भए ।

यस्तै, अमेरिकाका पूर्वउपराष्ट्रपति वाल्टर फ्रेडेरिक मोन्डेल पछि जापानका लागि अमेरिकी राजदूत बने । अस्ट्रेलियाका पूर्वप्रधानमन्त्री केभिन रड (दुई पटक प्रधानमन्त्री भएका) सन् २०२३ देखि अमेरिकाका लागि अस्ट्रेलियाली राजदूतका रूपमा कार्यरत छन् । त्यस्तै, बेलायतका पूर्वप्रधानमन्त्री डेभिड क्यामरुनले पछि परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालेका थिए ।

**तस्बिरमा : अमेरिकाका राष्ट्रपति जोन अफ केनेडीका साथ राजदूत मातृकाप्रसाद कोइराला ।**

# पुलिसलाई मदन भण्डारी कप अन्तर्राष्ट्रिय भलिबलको उपाधि



**बुटवल/मस-** दोस्रो संस्करणको मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ शिल्ड पुरुष भलिबल प्रतियोगिताको उपाधि विभागीय टोली नेपाल पुलिस क्लबले जितेको छ।

बुटवलको बिआइसिसी सम्मेलन केन्द्रमा शनिबार भएको फाइनल खेलमा पुलिसले सभापोखरी भलिबल क्लब संखुवासभालाई ३-० को सोझो सेटमा हराउँदै उपाधि जितेको हो।

पुलिसले सभापोखरीमाथि २५-२३, २५-२३, २५-२२ को जित निकाल्यो। भारतीय खेलाडीको साथ पाएको सभापोखरीमाथि पुलिसले उत्कृष्ट प्रदर्शन गरेको थियो।

लिग चरणदेखि सानदार प्रदर्शन गरेको सभापोखरी फाइनलमा भने निराश बन्यो। उपाधिसँगै पुलिसले सात लाख रुपैयाँ पुरस्कार पायो। उपविजेता सभापोखरीले तीन लाख ५० हजार रुपैयाँ प्राप्त गर्‍यो।

यस्तै विभागीय टोली एपिएफ क्लब तेस्रो भयो। तेस्रो स्थानका लागि शनिबार नै भएको खेलमा एपिएफले खैरा भलिबल क्लब पन्जाबलाई ३-१ को सेटमा हराएको थियो।

एपिएफले खैरामाथि १८-२५, २५-१९, २५-१३, २५-११ को जित निकाल्यो। तेस्रो भएको एपिएफले एक लाख ७५ हजार रुपैयाँ पुरस्कार पायो।

चौथो भएको खैराले सान्त्वना पुरस्कार स्वरुप ७५ हजार रुपैयाँ हात पार्‍यो। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पुलिसका पहल गहतराज घोषित भए। उनले १५ हजार रुपैयाँ पाए।

यस्तै विधागततर्फ एपिएफका सरोज बर्देवा उत्कृष्ट स्पाइकर, पुलिसका बलराम गुरुङ उत्कृष्ट सेटर, पुलिसका रेश्म छन्त्याल उत्कृष्ट सर्भर, सभापोखरीका सिभानसेन उत्कृष्ठ ब्लकर, सभापोखरीका सन्तोष राई उत्कृष्ट डिफेन्डर र पुलिसका चन्द्र कुँवर उत्कृष्ट प्रशिक्षक चुनिए। उत्कृष्ट सबैले जनही आठ हजार रुपैयाँ हात पारे।

प्रतियोगिताको विजेता टोली र खेलाडीलाई लुम्बिनी प्रदेशका युवा तथा खेलकुद मन्त्री रामजी घिमिरे, पूर्व मन्त्री एवं नेकपा एमालेका छवीलाल विश्वकर्मा, प्रदेश सभासदस्य भोज प्रसाद श्रेष्ठ र विष्णु पन्थी, बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रा अर्याल, आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुब आचार्य लगायतले पुरस्कार प्रदान गरे।

असोज १२ गतेदेखि सुरु भएको प्रतियोगितामा विदेशका तीन र नेपालको चार गरी सात टोलीले भाग लिएका थिए।

# विशाल र आयुष्मालाई गौघाट ग्रिन रनको उपाधि




**नेपालगन्ज/मस-** विश्वव्यापी जलवायु परिवर्तनसम्बन्धी जागरण फैलाउने उद्देश्यले आयोजित तेस्रो गौघाट ग्रिन रनको उपाधि विशाल बोहरा र आयुष्मा सिंहले जितेका छन्। शनिबार खजुराको सितापुर गौघाटमा भएको गौघाट ग्रिन रनमा छात्र ६ किलोमिटरतर्फ शुक्र माविका विशाल प्रथम हुँदा जनसेवा माविका उपेन्द्र बम दोस्रो र जनसेवाकै निशान्त विक तेस्रो भए। त्यसैगरी, ३ किलोमिटर छात्रातर्फ जनता माविकी आयुष्मा पहिलो हुँदा जनता माविकी कविता क्षेत्री दोस्रो र जनसेवा माविकी मेलिसा घर्ती तेस्रो भए।

किड्स रन (१२ वर्षमुनि) छात्रतर्फ योगिनी माविका शिव विक, जनसेवा माविका शिशिर सुनार र योगिनी माविका समीर सार्की शीर्ष तीन स्थानमा आए। त्यस्तै, छात्रातर्फ जनसेवा माविकी सिम्रन दमाई, नेरा प्रावि गुराँसपुरकी वर्षा चन्द ठकुरी र योगिनी माविकी करुणा चनारा पहिलो, दोस्रो र तेस्रो भए।

कार्यक्रममा योगिनी माविलाई बेस्ट पार्टिसिपेसन अवार्ड तथा शुक्र माविलाई फास्टेस्ट रजिस्ट्रेसन अवार्ड प्रदान गरियो। योगिनीले १९२ जना सहभागी गराएर यो अवार्ड प्राप्त गरेको हो भने शुक्रले सबैभन्दा पहिले ७५ जना दर्ता गरेको हुँदा फास्टेस्ट रजिस्ट्रेसन अवार्ड प्रदान गरिएको थियो।

तीन किलोमिटर दौड पूरा गरेकोमा ८५ वर्षीय शोकबहादुर खत्री र ८० वर्षीय धनबहादुर महतारालाई विशेष सम्मान गरियो। त्यस्तै, फरक क्षमता भएका (सुस्त श्रवण) मध्ये ६ जनाले पनि दौड पूरा गरेका थिए। लुम्बिनी प्रदेशका भौतिक पूर्वाधारमन्त्री रत्न खत्री, खजुरा गाउँपालिका प्रवक्ता एवं वडा नं. २ का अध्यक्ष धनराम ओली, विश्वकीर्तिमानी धावक हरिबहादुर रोकाय र केएल दुगड ग्रुपका सिइओ प्रदीप छाजेडले विजयी खेलाडीलाई पुरस्कार वितरण गरेका थिए। खजुरा गाउँपालिका वडा नं. २ सँगको सहकार्यमा सात सय जना दौड पूरा गर्ने सबैलाई ताइवानी अम्बाको बिरुवा वितरण गरिएको थियो। दौड पूरा गर्ने सबैलाई पदक वितरण गरिएको थियो। हरेक विधाका शीर्ष १२ जनालाई मंसिर ५ गते हुने १२औं धारा नेपालगन्ज म्याराथनमा स्वतः सहभागी गराइने धारा नेपालगन्ज म्याराथनका संस्थापक टीएस ठकुरीले जानकारी दिए।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१२/३० मा दर्ता भएको **दर्ता नं. १८७६०१/०७४/०७५** को **युनाइटेड मानवी बिजनेश प्रा. लि.** को मिति २०८३/०६/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०४/०४ मा दर्ता भएको **दर्ता नं. १९३५६७** को **निरामय प्राकृतिक अस्पताल प्रा. लि.** को मिति २०८३/०६/१२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/११/२७ मा दर्ता भएको **दर्ता नं. २१०४८५** को **स्नोइ ड्रिम वर्ल्ड ट्रेक्स एण्ड एकसपिडिसन्स प्रा. लि.** को मिति २०८३/०६/१२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

## शिवगढी सामुदायिक वन उपभोक्ता समुह, शिवराज न.पा. ९ कपिलवस्तुको काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशन मिति २०८३/०६/१८ गते**

शिवगढी सामुदायिक वन उपभोक्ता समुह शिवराज न.पा. ९ कपिलबस्तुको वन क्षेत्रबाट आ.व. ०८२/०८३ मा उत्पादन भएको काठ दाउरा मध्ये समुह बाहिर लिलाम बिक्रीको लागि सहमति प्राप्त काठ दाउरा र आ.व. ०८१/०८२ मा उत्पादन भई समुह भित्र बिक्री भई बाँकी रहेको काठ यस समुहको घाटगद्दीमा घाटगद्दी गरि राखिएको लट नं. १ देखि लट नं. ५ सम्म लट कायम गरिएका साल लगायत विभिन्न जातको गोलिया काठ थान १३२० को ६२९५.८३ क्यु.फि. र साल तथा अन्य जातको दाउरा १३ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। रित पुगेका ईच्छुक वन पैदावारमा आधारित उद्योग/सः मिल/फर्महरूले यो सूचना प्रकाशन भएको मितिले २१औं दिन भित्र यस समुहको कर्यालयबाट वा डिभिजन बन कार्यालय कपिलवस्तु (गौतमबुद्ध)बाट बोलपत्र खरिद गरि २२ औं दिन सोही कार्यालयमा लटहरूको छुटा छुटै सिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। (बोलपत्र खरिद गर्ने दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय समय भित्र खरिद गर्न सकिने र दाखिला गर्ने दिन समेत विदा परेमा सोको भोलि पल्ट दिनको २ बजे सम्म दाखिला गर्न सकिने। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**शिवगढी सामुदायिक वन उपभोक्ता समुह,**
**शिवराज न.पा. ९ कपिलबस्तु**

## सानिमा फाउण्डेशन
## SANIMA FOUNDATION

(दर्ता नं. १६६/०६५/०६६)

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित मुनाफा वितरण नगर्ने कम्पनी)
का.म.न.पा. वडा नं. ४, धुम्बाराही, काठमाडौं, फोन नं. ४३७३०३०, ४३७२८२८

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१७ मध्यान्ह राष्ट्रिय दैनिक)

**श्री सदस्य महानुभावहरु,**

यस सानिमा फाउण्डेशनको मिति २०८३ साल असोज ०९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण सदस्य महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८३ साल कार्तिक १३ गते (तदनुसार ३० अक्टोबर, २०२६), शुक्रबार।
समय : बिहान ११:०० बजे।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ०४, धुम्बाराही, काठमाडौं।

**साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरु :**
१. कम्पनीको सञ्चालक समितिको आ. व. २०८२/८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. आ. व. २०८२/८३ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ सालको आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने।
३. आ. व. २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने।
४. सञ्चालकहरुको नियुक्ति/निर्वाचन गर्ने।
५. विविध।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## UAE मा रोजगार

कम्पनी: FAIZAN AMIR TECHNICAL SERVICES — शहर: UAE,Dubai
पूर्व स्वीकृत मिति: २०८३/०६/१६ — चलानी नं.: ६०२६१९८२ — LT. No.:348871

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ५४४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Helper | 2 | 0 | | 1300 | ५४४४४ | | | | | | | |
| 3. | Carpenter Supervisor | 1 | 0 | | 2200 | ९२१३६ | | | | | | | |
| 4. | Painter Assistant Building | 2 | 0 | | 1300 | ५४४४४ | | | | | | | |
| 5. | Plumber Helper | 2 | 0 | | 1300 | ५४४४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २५ गते (11 October 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Goldmines International Overseas Pvt Ltd** — श्रम इजाजत पत्र नं.: १७८९/०८२/०८३
Dhumbarahi-04, Kathmandu, Nepal. Tel No: +977-1-4500084/85, 9841446960 (Sitaram Dhungana)
Email: info@goldminesoverseas.com. Website: goldminesoverseas.com.

## कुवेतमा रोजगार

कम्पनी : NP BEAUTY SALON COMPANY FOR WOMEN'S BEAUTY — शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०६/१६ — चलानी नं.: ६०२६२०५८ — LT. No.: 348909

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician /hairdresser | 0 | 1 | स. काममा दक्ष | 150 | ७४,५१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २५ गते (11 October 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु.१०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Tokha-5, Basundhara Kathmandu, Tel.: 01-4956654, 4955978,
Prakash Paudel Contact No : 9849664971,
Email: info@linknepalmanpower.com
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015

## जापानमा रोजगार

**ATS Business Cooperative**
पूर्व स्वीकृती मिति: २०८३/६/१६ — चलानी नं. ६०२६२०२८ — LT No.: 348922

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agriculture Worker | 0 | 3 | काममा दक्ष | 1,83,213 | १,८०,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्नेछ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) शहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय बसुन्धरा, काठमाडौंमा २०८३ असोज २५ गते (11 Oct., 2026) हुनेछ।**

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस। आफुले बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस। ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस। ५) अनिवार्य रुपमा बिमा गराउनुहोस। ६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस। सोको एक प्रति आफुसंग राख्नुहोस। ७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस। इजाजतपत्रप्राप्त रोजगार प्रा.लि.मा आफैं गई आवश्यक बुझ्नुहोस। अन्यथा ठगिने सम्भावना हुन्छ। ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस। ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस।

**नोट: जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ। जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ।**

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** — श्रम ईजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा-०५, काठमाडौं, फोन: ०१-४९५९७७२, ४९८४१९०, ४९८४१९१
९८५१०९९३०० (देबी प्रसाद अधिकारी), ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं. : ४३८३६२७, Email: capital2004@yahoo.com
"Real Happiness Lies in Making Other Happy"

## शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
## EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

**शून्य लागत भर्ती:** यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ। भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रुपमा रोजगारदाताले वहन गर्नेछ। उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन।

**Zero Cost Recruitment:** This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund,social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

Engineering
रोजगारदाता कम्पनी - विन्टेल इन्जिनियरिङ एसडिएन. बिएचडी.
Employer Company - Wentel Engineering Sdn. Bhd.
ठेगाना - जोहोर, मलेसिया
Address - Johor, Malaysia
फोन - +६०७ २३८ ११२८, Phone - + 607 238 1128

**कम्पनीको बारेमा** - विन्टेल इन्जिनियरिङ एक मेटल फेब्रिकेसन र एसेम्बली विशेषज्ञ कम्पनी हो, जसले सेमिकन्डक्टर र सेक्युरिटी स्क्रिनिङ जस्ता विभिन्न विश्वव्यापी औद्योगिक क्षेत्रहरूका लागि एकीकृत सतह उपचार सेवाहरूका साथै अत्याधुनिक र उच्च-स्तरीय सिएनसि मेसिनिङ र सिट मेटल समाधानहरू प्रदान गर्दछ।

**About Company** - Wentel Engineering is a metal fabrication and assembly specialist providing innovative, high-precision CNC machining and sheet metal solutions alongside integrated surface treatment services for diverse global industrial sectors like semiconductors and security screening.

| पूर्व स्वीकृत मिति - २०८३/०६/१६ Pre-approval Date - 2026/10/02 | लट नम्बर - ३४८८६९ LT No. - 348869 | चलानी नम्बर - ६०२६२०१९ Invoice No. - 60262019 |
|---|---|---|

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | ने. रु. NRP | ओभरटाईम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day | हप्तामा काम गर्ने दिन Working Days/Week | खाना सुविधा Food Facility | बस्ने सुविधा Accommodation Facility | करार अवधी Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामान्य/उत्पादन कामदार General/Production Worker | ३५ 35 | ० 0 | एस.एल.सी वा सो भन्दा माथि SLC & Above | १७०० 1700 | ६२,९०० 62,900 | कम्पनीको नियम अनुसार As Per Company Rule | ७.५ घण्टा 7.5 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | २ वर्ष 2 years |

| पासपोर्ट खर्च Passport Expenses | मेडिकल जाँच शुल्क Medical Examination Fee | भिसा शुल्क Visa Fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | कल्याणकारी कोष Welfare Fund | सामाजिक सुरक्षा कोष Social Security Fund | हवाई टिकट खर्च Air Ticket Expenses | संस्थाको सेवा शुल्क Agency Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer |

### महत्त्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ। इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं। Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/ प्रकृति: सामान्य / उत्पादन कामदार/अत्याधुनिक मेटल कम्पोनेन्टहरूको उत्पादनमा विभिन्न औद्योगिक क्षेत्रहरूका लागि उन्नत सिएनसि मेसिनरी र विशेष उपकरणहरू प्रयोग गरेर सिट मेटल उत्पादनहरू बनाउने, जडान गर्ने र फिनिसिङ गर्ने कार्यहरू समावेश
Scope / Nature of Job: General/Production Worker / Manufacturing of high-precision metal components involves using advanced CNC machinery and specialized equipment to fabricate, assemble, and finish sheet metal products for diverse industrial sectors.
- बिदाको हक: Leave Entitlement:

| सेवाको अवधि Year of Service | बार्षिक बिदा Annual Leave | बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year) | सार्वजनिक बिदा Public Holiday | अस्पताल भर्ना बिदा Hospitalization Leave |
|---|---|---|---|---|
| २ वर्ष भन्दा कम Less than 2 Years | ८ दिन 8 days | १४ दिन / 14 Days | ११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia) | ६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year) |
| २-५ वर्ष 2-5 Years | १२ दिन 12 days | १८ दिन / 18 Days | | |
| ५ वर्ष भन्दा बढी More than 5 years | १६ दिन 16 Days | २२ दिन / 22 Days | | |

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ। Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
- नेपालमा हस्ताक्षर गरिएको रोजगार सम्झौता कामदारको हित तथा सुविधामा सुधार हुने अवस्थामा बाहेक कामदार गन्तव्य देशमा पुगेपछि पनि परिवर्तन हुने छैन। The employment contract signed in Nepal shall remain unchanged after the worker's arrival in the destination country, except where amendments are made solely for the worker's betterment.
- आवेदकहरुले कानुनले तोकेको अवस्थामा भन्दा बाहेक आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात टाइटानिक वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नु पर्ने छैन। Applicants are not required to deposit their personal identity documents to Titanic or anyone else unless required by law.
- कामदारहरूलाई स्वतन्त्र रुपमा संगठित हुने र सामुहिक हकहितका लागि कानुनले अनुमति दिए बमोजिम भेला हुने अधिकार छ। Workers have the right to freely associate and bargain collectively, where permitted by law.
- कानूनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन। No deductions will be made from the worker's salary after placement, except as required by law.
- करार अवधि समाप्ती पश्चात वा उचित अवधिको सूचना दिइ करार अगावै रोजगारी समाप्त गरेमा स्वदेश फिर्ता हुँदा बसोबास भएको स्थान सम्म लाग्ने यातायात तथा निर्बाह खर्च (खाना र बस्न समेत) रोजगारदाताले बहन गर्नेछ। Upon completion of the employment contract, or in case of early termination with adequate notice, return transportation to the worker's habitual residence, including in-transit lodging, will be provided by the employer.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले टाइटानिक म्यानपावर सप्लायर प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मुल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ। To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuable items, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Titanic Manpower Supplier Pvt. Ltd., its employees, or any other person or organization.
- यदि कामदारद्वारा भर्ती प्रक्रियाको क्रममा कुनै रकम खर्च गरिएको छ भने, रोजगारदाताको तर्फबाट टाइटानिकले प्रस्थान अघि पूर्ण रूपमा फिर्ता गर्नेछ। If a worker incurs any recruitment-related expenses, Titanic will reimburse the full amount on behalf of the employer, before departure.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन। This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौं। तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधैं सम्पर्क गर्न अनुरोध गर्दछौं। We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि यस संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ जहाँ आवेदकहरूलाई कामको प्रकृति, ज्याला र लाभहरू तथा काम सम्बन्धी सम्पूर्ण विवरणहरूको बारेमा जानकारी दिइन्छ। Any applicant willing to apply for this job must attend a pre-recruitment orientation to receive information including but not limited to the nature of job, wages, benefit, and other relevant details before submitting the application.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ। तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहीं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ। All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- टाइटानिक रोजगारीको समान अवसर सिद्धान्तमा प्रतिबद्ध छ। यस संस्थाको नीतिले कुनै पनि उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता, चिकित्सकिय इतिहास, वैवाहिक स्थिति वा अन्य कुनै कुरालाई आधार नबनाई सबैलाई समान अवसर प्रदान गर्दछ। आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको सीप, क्षमता र योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ। TITANIC is committed to the principles of equal employment opportunity for all, regardless of age, gender, race, religion, politcal affiliation, geographical location, different ability, medical history, marital status or any other basis. The applicants are selected for the employment solely based on their skills, abilities and qualifications rather than personal characterisctics.

**टाइटानिकको गुनासो दर्ता माध्यम / Titanic Grievance Reporting Channel**
यदि तपाईंसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउन हुन अनुरोध गर्दछौं। तपाईंले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन्। If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
+९७७-९८०१००४३४५ / +977-9801004345 grievance@titanicmanpower.com

**प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - 03, काठमाडौंमा २०८३ असोज १९ गते हुनेछ।**
**Pre Interview will be held on 5 October 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**
**फाइनल अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - 03, काठमाडौंमा २०८३ असोज २५ गते हुनेछ।**
**Final Interview will be held on 11 October 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:-** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला। **Information provided by the Department of Foreign Employment (DOFE):-** 1. Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4. Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6. While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement. Please contact Department of Foreign Employment (DOFE), Tahachal.

TITANIC Ethical Recruitment Agency Since 2002 — Celebrating 24 years — TFHI - OTL Certified Recruitment Agency — ISO 9001:2015 Certified Recruitment Agency

**टाइटानिक म्यानपावर सप्लायर प्रा. लि. (Titanic Manpower Supplier Pvt. Ltd.)**
**इजाजतपत्र नं: २८५/०५८/०५९ (Licence No. 285/058/059)**
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
आधिकारिक सम्पर्क व्यक्ति: शिशीर पौड्याल (Offical Contact Person : Shishir Poudyal)
सम्पर्क नम्बर: +९७७-९७१-२०६५५३८ (Contact Number : + 977-971-2065538)
www.titanicmanpower.com recruitment@titanicmanpower.com
Titanic Manpower Supplier www.tiktok.com/@titanic.manpower
"An Ethical Recruitment Agency Where Integrity Matters"

जि.प्र.का.द.नं. ३३/०६९/०७०

१८ असोज २०८३ आइतबार
4 October 2026 Sunday

# बाढीले जलविद्युत् आयोजनामा ठूलो क्षति



**म्याग्दी/रासस–** गत हप्ताको बाढी पहिरोका कारण म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा निर्माणाधीन र सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरूमा ठूलो क्षति पुगेको छ । दुई सय ६६ मेगावाट क्षमताका तीन वटा निर्माणाधीन आयोजना प्रभावित भएका छन् भने २१६ मेगावाटका आठ वटा आयोजनाको विद्युत् राष्ट्रिय प्रणाली बाहिर भएका छन् । हाइड्रो सपोर्ट प्रालि प्रवर्द्धक रहेको ६६ दशमलव तीन मेगावाट क्षमताको मध्यकालीगण्डकी जलविद्युत् आयोजनामा बाढीले सबैभन्दा बढी क्षति पुऱ्याएको छ। निर्माणाधीन आयोजनाको बाँध, सुरुङ, आवास, मेसिनरी तथा उपकरण, निर्माण सामग्री, डिजेल ट्यांक र वर्कसपमा ठूलो क्षति पुगेको छ । अन्नपूर्ण गाउँपालिका-३ र ४ को सिमानामा पर्ने सुकेबगरमा निर्माणाधीन बाँधमा डाइभर्सन भत्काएर पसेको कालीगण्डकीको बाढीले गेग्रान थुपारेको छ । सो स्थानमा रहेको सुरुङको अडिटभित्र पनि बाढी पसेको छ। अन्नपूर्ण-२ नागढुंगा र रातोपानी स्थित आवासका भवनहरु भत्काउनुका साथै त्यहाँ रहेका सामग्री बाढीले बगाएको छ । नौलीबगरस्थित निर्माणाधीन भूमिगत विद्युत्गृहको अगाडि रहेको बेनी-जोमसोम-कोरला सडकको मोटरेबल पुलको पोखरेबगर तर्फको पहुँचमार्ग कालीगण्डकीको बाढीले बगाएको छ। कालीगण्डकीको बाढीले सो आयोजनाको लेबर क्याम्प पनि बगाएर लगेको छ । कालीगण्डकीको बाढीका कारण आयोजनाको क्याम्प र निर्माणस्थलसँगको यातायात सम्पर्क टुटेको तथा सडक, विद्युत र सञ्चार सुविधाको अभावमा क्षतिको पूर्ण विवरण अझै प्राप्त हुन नसकेको सो आयोजनाका प्रबन्ध निर्देशक गुरु ढकालले जानकारी दिए। त्यसैगरी बाढीपहिरोले क्षति पुऱ्याएपछि आयोजनाको निर्माण कार्य रोकिएको सिभिल ठेकेदार कम्पनी रसुवा-मल्टी जेभीले जानकारी दिएको छ। विसं २०८१ देखि निर्माण सुरु भएको आयोजनाको भौतिक प्रगति अहिलेसम्म विना रोकतोक अघि बढिरहेकामा हालैको बाढीले अवरोध उत्पन्न गरेको छ ।

सुकेबगरमा १३ मिटर अग्लो र ५५ मिटर लामो बाँध बनाई चार हजार ३१९ मिटर लामो मुख्य सुरुङबाट ल्याउने पानी एक सय ५१ मिटर उचाइबाट अन्नपूर्ण-२ नौनीबगरमा निर्माण हुने भूमिगतविद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गर्ने लक्ष्य छ ।

नदी प्रवाहमा आधारित प्रकृतिको यस आयोजनाको विद्युतगृह, स्विचार्ड, नियन्त्रण कक्ष (कन्ट्रोल रुम) जमिनभित्र भूमिगत हुन् । मध्य कालीगण्डकीको विद्युत् नौनीबगरबाट सात किलोमिटरमाथि दानामा रहेको २२० केभी क्षमताको सवस्टेशनमार्फत केन्द्रीय प्रणालीमा आवद्ध हुनेछ । तीन वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्यसहित थालिएको आयोजनाको बाढी पहिरोका कारण निर्माण अवधि लम्बिने देखिएको छ । म्याग्दी जिल्ला भएर बग्ने कालीगण्डकी नदीमा निर्माण हुन लागेको यो पहिलो आयोजना हो । कूल १२ अर्ब ९३ करोड रुपैयाँ लागत अनुमान गरिएको यस आयोजनामा नविल बैंक लिमिटेडको नेत्तृत्वमा छ वटा वाणिज्य बैंकले ७५ प्रतिशत, २५ प्रतिशत प्रवर्द्धक र सेयर लगानीकर्तामार्फत जुटाइने छ। नेपाल विद्युत् प्रधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता हुँदा हिउँदयामको विद्युत् खरिददर आठ रुपैयाँ ४० पैसा र वर्षायामको दर चार रुपैयाँ ८० पैसा कायम भएको छ। आयोजनाबाट हिउँदमा एक सय ३० गिगावाटबाट एक अर्ब नौ करोड र बर्खामा २७७ गिगावाटबाट एक अर्ब ३३ करोड रुपैयाँ आम्दानी हुने प्रक्षेपण छ ।

पछिल्लो बाढी पहिरोबाट सबैभन्दा बढी यही विद्युत् आयोजना निर्माणस्थल रहेको अन्नपूर्ण गाउँपालिका प्रभावित भएको छ । छ जनाको ज्यान गएको यस गाउँपालिकामा भौतिक संरचनामा ठूलो क्षति पुगेको छ। अध्यक्ष भारतकुमार पुनका अनुसार प्रसारण लाइनको टावर र तार बाढीले बगाएपछि म्याग्दी र मुस्ताङका १७६ मेगावाट क्षमताका छ वटा जलविद्युत् आयोजना बन्द भएका छन् ।अन्नपूर्ण-१ दोवाको भीरकाटे पारिका दुई र धिरच्याङको एउटा प्रसारण लाइनको टावर बगाएको छ। दाना-खुर्कोट प्रसारण लाइनबाट केन्द्रीय प्रणालीमा विद्युत् आपूर्ति गराउँदै आएका अन्नपूर्ण-४ को भूगोलमा पर्ने नारच्याङमा पाँच मेगावाट क्षमताको घलेम्दीखोला, ४२ मेगावाट क्षमताको म्रिस्त्रीखोला, ३८ मेगावाट क्षमताको निलगिरि-१, ७१ मेगावाट क्षमताको निलगिरि-२ र छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना बन्द भएका छन् । मुस्ताङको टुकुचेमा रहेको १४ मेगावाट क्षमताको थापाखोला जलविद्युत् आयोजनाको विद्युत् केन्द्रीय प्रणालीमा जोडिन सकेको छैन । अन्नपूर्ण गाउँपालिका-४ पोखरेबगरमा रहेको १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको विद्युतगृह पहिरोले पुरिएपछि गत साउन अन्तिम सातादेखि बन्द भएको छ। रेलेखोला जलविद्युत् आयोजनाको बाँधमा माथिल्लो क्षेत्रबाट बाढी आएर गेग्रान थुप्रिएको आयोजना प्रमुख दार्शनिक काफ्लेले बताए ।

# कमसल बिउका कारण हरिवनका गोलभेंडा किसान मारमा

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, १७ असोज

सर्लाहीको हरिवन नगरपालिकाले अनुदानमा बितरण गरेको गोलभेंडाको बिउ कमसल भएपछि किसान मारमा परेका छन् । आर्थिक वर्ष २०८२/०८३ मा हरिवन नगरपालिकाले ५० प्रतिशत अनुदानमा वितरण गरेको कबिता जात गोलभेडाको बिउबाट अपेक्षित उत्पादन नभएपछि लगानीसमेत नउठ्ने चिन्तामा किसान परेका छन् ।

हरिवन नगरपालिका-३ का किसान राम विश्वास साहले नगरपालिकाबाट अनुदानमा प्राप्त गोलभेडाको बिउ रोपे पनि राम्रो उत्पादन हुन नसकेको गुनासो गरेका छन् । बिउ, मल, मजदुरीलगायतमा गरेको लगानी डुब्ने अवस्था आएको उनको भनाइ छ। साहले पाँच कट्ठा जमिनमा लगाएको गोलभेडा बोटनै मिसाबट रहेको बताए । फल पनि फरक फरक देखिएको र लागेको दाना पनि नबढेको गुनासो गरे ।

हरिवन नगरपालिका-२ का किसान सुरेन्द्र साह (शम्भु)ले थाइल्याण्डको कम्पनी चियाताईको



'कविता' जातको उक्त बिउ ग्रेडिङ नगरिएको बिउ भएको आरोप लगाए। सुशिला एग्रोभेट फर्म हरिवन २ ले बिउ बितरणको जिम्मा पाएको हो । कबिता जातको बिउ नै गुणस्तरिय नभएको आशंका गरेका छन् । उनीहरुका अनुसार ब्याडमा उम्रेको बिरुवानै फरक फरक रहेको बताएका छन् । किसानले अनुदानमा पाएका गोलभेडाको बिउमा सबैको यस्तै समस्या रहेको बताए । बिउ बितरक र कर्मचारीको कमिसनको चलखेलका कारण यस्तो भएको किसानको आरोप छ ।

हरिवन २ अत्रौलीका किसान राकिशोर महतोले भने 'मैले बिगत पाँचबर्ष देखि कबिता जातको गोलभेंडाको खेती गर्दै आइरहेको छु । बोट एक नासको दाना पनि एकनासको हुन्थ्यो,तर अहिलेको बोट फरक फरक र दाना पनि फरक फरक छ। ' उनि निरास हुँदै भन्छन् कसलाइ के भन्ने जताबाट पनि किसाननै मर्ने त होनी ।

यता, हरिवन नगरपालिका कृषि शाखाका प्रमुख विष्णु गुरागाईंले भने बिउकै कारण मात्र समस्या आएको भन्न नमिल्ने बताउछन् । किसानले रोप्ने उपयुक्त समयभन्दा अगावै बिउ रोप्नु, अधिक तापक्रम र चिम्टाइलो माटोलगायत कारणले गोलभेंडामा समस्या देखिएको हुनसक्ने उनको भनाइ छ। कबिता जातको गोलभेंडा लगााउनको लागि उपयुक्त समय भनेको भदौको अन्तिम साता देखि असोजको पहिलो साता भएको बताए । तर किसानले साउनमा नै रोपेको कारणले यस्तो समस्या आएको बताए । किसानले भने बिउको गुणस्तर परीक्षण गरी वास्तविक समस्या पहिचान गर्न र क्षतिपूर्तिको व्यवस्था गर्न माग गरेका छन् ।

# नेपाल महिला चेम्बरको आयोजनामा 'चेम्बर बजार' सुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असोज

महिला उद्यमी तथा व्यवसायीले उत्पादन गरेका वस्तुको बजारीकरण, प्रवर्द्धन तथा व्यापार विस्तार गर्ने उद्देश्यले काठमाडौंको जमलमा 'चेम्बर बजार' सुरु भएको छ । नेपाल महिला चेम्बरको आयोजनामा नेपाल चेम्बर अफ कमर्सको जमलस्थित भवनमा शनिबारदेखि 'चेम्बर बजार' सञ्चालनमा आएको हो । चेम्बर बजारमा खाद्यान्न, लत्ताकपडा, हस्तकलाका सामग्री तथा साल्ट ट्रेडिङ लगायतका स्टलहरू रहेका छन् । चेम्बर बजारमा महिला उद्यमी तथा व्यवसायीले उत्पादन गरेका विभिन्न वस्तुका साथै आयात-निर्यातसँग सम्बन्धित सामग्रीको बिक्रीका लागि राखिएको छ ।

सो अवसरमा आयोजित मेला उद्घाटन सत्रमा नेपाल चेम्बर अफ कमर्सकी उपाध्यक्ष उर्मिला श्रेष्ठले महिला उद्यमीका उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउन चेम्बर बजारले सहयोग गर्ने बताइन्। 'महिला उद्यमीका उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने हाम्रो प्रयास हो,' श्रेष्ठले भनिन्, 'उत्पादनसँगै व्यवसाय विस्तारका लागि पनि सहयोग पुग्नेछ।'

महिला उद्यमीले उत्पादन गरेका वस्तुले पर्याप्त बजार नपाउँदा व्यवसाय



विस्तारमा समस्या हुने गरेको अवस्थामा उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने माध्यमका रूपमा चेम्बर बजारलाई अघि बढाउन खोजिएको श्रेष्ठले बताईन । उनले बजारमा खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुहरू सुपथ मूल्यमा बिक्री गर्ने व्यवस्था गरिएको पनि जानकारी दिईन् ।

त्यसैगरी चेम्बरका पूर्वाधार तथा भूमि सुधार समिति सभापति रोशन भयोद्योले यस्ता मेलालाई बिस्तार गर्न आवश्यक रहेको बताउदै महिला उद्यमीका उत्पादनको प्रवर्द्धनसँगै सर्वसाधारण उपभोक्ताले स्थानीय तथा स्वदेशी उत्पादन सहज रूपमा खरिद गर्न पाउने अवसर सिर्जना हुने उल्लेख गरे ।

त्यस्तै, नेपाल महिला चेम्बरकी सचिव इरा प्रसाईंले चेम्बर बजारलाई व्यापारिक कारोबारमा मात्र सीमित नराखी महिला उद्यमीको आर्थिक सशक्तीकरण, सीप विकास र बजार पहुँच विस्तारको अभियानका रूपमा अघि बढाउने लक्ष्य रहेको बताइन् ।

'चेम्बर बजारलाई केवल व्यापारिक मेला नभई महिला उद्यमीको आर्थिक सशक्तीकरण, सीप विकास र बजार पहुँच विस्तार गर्ने अभियानका रूपमा अघि बढाउने उद्देश्य हो,' प्रसाईंले भनिन्, 'महिलालाई आफ्ना उत्पादनको बजार विस्तार गर्ने अवसर दिनुका साथै नयाँ उद्यम सुरु गर्न चाहने महिलालाई पनि व्यवसायमा आकर्षित गर्ने लक्ष्य छ ।'

मेलाकी संयोजक अनिता अमात्य श्रेष्ठले बजारमा उत्पादनको बिक्री तथा प्रवर्द्धनसँगै उद्यमशीलता विकाससम्बन्धी गतिविधिसमेत सञ्चालन गरिने बताईन् । त्यस्तै, नेपाल महिला चेम्बरकी सल्लाहकार निलम ताम्राकारले यस मेलाले महिला उद्याशीलता प्रवर्द्धनमा टेवा पुने विश्वास व्यक्त गरिन् ।

यस मेलाको अवसरमा उद्यम गरिरहेका तथा व्यवसाय सुरु गर्न इच्छुक महिलाका लागि सरकारी प्रक्रिया, व्यवसाय सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको आयोजकले जनाएको छ। यसैगरी सीप तथा व्यावसायिक तालिम, महिला स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम र निस्शुल्क स्वास्थ्य परीक्षणजस्ता गतिविधिसमेत चेम्बर बजारसँगै सञ्चालन गरिनेछन् । जमलबाट सुरु भएको चेम्बर बजारलाई आगामी दिनमा काठमाडौंमा मात्र सीमित नराखी देशका अन्य प्रमुख शहर तथा विभिन्न क्षेत्रमा विस्तार गर्ने योजना रहेको नेपाल महिला चेम्बरले जनाएको छ ।

# पर्यटन प्रवर्धनका लागि पोखरा-उत्तर पूर्वी भारतबीच 'बिटुबी' कार्यक्रम

**पोखरा/मस–** पोखरामा उत्तर पूर्वी भारतका पर्यटन व्यवसायी र पोखराका पर्यटन व्यवसायीबिच पर्यटन प्रवर्धन तथा व्यावसायिक सहकार्यका लागि 'बीटुबी' कार्यक्रम भएको छ। नेपाल पर्यटन बोर्डको प्रवर्धन तथा पोखरा पर्यटन परिषद्को सहकार्यमा होटल एसोसिएसन नेपाल गण्डकी, नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकी र होटल एसोसिएसन पोखरा नेपालको आयोजनामा शुक्रबार पोखरामा 'बीटुबी' कार्यक्रम भएको हो। 'पर्यटन प्रवर्द्धन तथा व्यावसायिक सञ्जाल विस्तार' को उद्देश्यसहित आयोजित कार्यक्रममा उत्तर पूर्वी भारतीय पर्यटन महासङ्घका प्रतिनिधि तथा पोखराका पर्यटन व्यवसायी सहभागी भएका थिए ।कार्यक्रममा नेपाल र उत्तर पूर्वी भारतका पर्यटन व्यवसायीबिच पर्यटन प्रवर्द्धन, पर्यटक आदानप्रदान, व्यावसायिक सम्बन्ध विस्तार तथा आपसी सहकार्यका विषयमा छलफल भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले बताए । दुवै क्षेत्रका पर्यटन व्यवसायीबिच प्रत्यक्ष भेटघाट र व्यावसायिक सम्बन्ध विस्तारले पोखराको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने उनको विश्वास छ । होटल एसोसिएसन पोखरा, नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले भारतका विभिन्न सहरमा वर्षेनी आयोजना गरिने 'चलिए पोखरा' अभियानलाई उत्तर पूर्वी भारतसम्म पुगेर सहकार्य गर्ने प्रतिवद्धता जनाए ।

पोखरा र उत्तर पूर्वी भारतबिच पर्यटन सम्बन्ध विस्तार गर्दै भारतीय पर्यटकको आगमन बढाउने 'बीटुबी' कार्यक्रमको मुख्य उद्देश्य रहेको नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका अध्यक्ष संगीता पौडेलले बताइन । पर्यटन व्यवसायीबिच सहकार्यका नयाँ सम्भावना पहिचान गर्न कार्यक्रमले सहयोग पुग्ने उनले सुनाइन् ।

कार्यक्रममा उत्तर पूर्वी भारतीय पर्यटन महासङ्घका अध्यक्ष छिरिङ वाङ्गेले पोखरा भ्रमणका क्रममा यहाँका व्यवसायीसँग भएको भेटघाट र छलफलले आगामी दिनमा दुवै देशको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताए । पोखरासँग मिलेर पर्यटन सम्बन्धी धेरै कार्यक्रम गर्न सकिने उनले सुनाए । उत्तर पूर्वी भारत पर्यटन महासङ्घका महासचिव याङ्चेन टोङ्देन लेप्चाले उत्तर पूर्वी भारत र नेपाललाई सिमानाले मात्र छुट्याएपनि पर्यटन क्षेत्रमा एउटै उद्देश्य रहेको बताए। आगामी दिनमा पोखरा र उत्तर पूर्वी भारतका पर्यटन व्यवसायी पर्यटकीय गतिविधिमा सहकार्य गर्दै अघि बढ्नुपर्नेमा उनले जोड दिए ।




# निर्यात प्रवर्धन, लगानी सहजीकरण तथा डिजिटल अर्थतन्त्रमा जोड



**काठमाडौं/मस–** नेपाल उद्योग वाणिज्य महासंघले नेपाल र युरोपेली संघ (ईयू) बीचको आर्थिक सम्बन्धलाई व्यापार, लगानी, प्रविधि हस्तान्तरण र निजी क्षेत्र साझेदारीमा थप केन्द्रित गर्न आग्रह गरेको छ। महासंघका अध्यक्ष अन्जन श्रेष्ठ र नेपालका लागि युरोपेली संघका राजदूत चार्ल्स ह्वाइटलीसँगको भेटमा महासंघका अध्यक्ष श्रेष्ठले नेपालका लागि ईयू महत्वपूर्ण विकास तथा व्यापार साझेदार रहेको बताउँदै नेपालको निजी क्षेत्रको क्षमता विकास, निर्यात विस्तार, लगानी प्रवर्द्धन र दिगो आर्थिक विकासमा ईयूको निरन्तर सहयोग आवश्यक रहेको बताए ।

अध्यक्ष श्रेष्ठले नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुक (एलडीसी) बाट स्तरोन्नति हुने चरणमा रहेकाले त्यसपछिको संक्रमणलाई सहज बनाउन व्यापार सहजीकरण, नेपाली उत्पादनको प्रतिस्पर्धात्मक क्षमता वृद्धि, परीक्षण तथा प्रमाणीकरण पूर्वाधार, प्राविधिक मापदण्ड र निर्यात विविधीकरणमा ईयूको थप सहयोग आवश्यक रहेको बताए । नेपाली तयारी पोसाक, गलैंचा, फेल्ट, पश्मिना, चिया, कफी, मसला, हस्तकला तथा वनस्पतिजन्य उत्पादनको युरोपेली बजारमा पहुँच विस्तारका लागि युरोपेली मापदण्ड, गुणस्तर, ट्रेसिबिलिटी र दिगोपनसम्बन्धी क्षमता अभिवृद्धिमा सहकार्य गर्न महासंघले आग्रह गरेको छ ।

महासंघले नेपालमा युरोपेली लगानी आकर्षित गर्न जलविद्युत् तथा नवीकरणीय ऊर्जा, पर्यटन, सूचना प्रविधि तथा बीपीओ, उत्पादनमूलक उद्योग, कृषि प्रशोधन, पूर्वाधार र डिजिटल सेवामा पर्याप्त सम्भावना रहेको जनाएको छ । लगानी वातावरण सुधारका लागि नीतिगत स्थिरता, प्रभावकारी सरकारी सेवा, भन्सार प्रक्रियाको सरलीकरण तथा नीतिको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको अध्यक्ष श्रेष्ठको भनाइ थियो ।

# एनआइसी एसिया बैंकबाट एप्पल पे र गुगल पे भुक्तानी सेवा




**काठमाडौं/मस–**एनआइसी एसिया बैंकले नेपालमै पहिलोपटक एप्पल पे र गुगल पेमार्फत हुने अन्तर्राष्ट्रिय भुक्तानी स्वीकार गर्न सकिने सेवा सञ्चालनमा ल्याएको छ । बैंकको ई-कमर्स पेमेन्ट गेटवे प्रयोग गरिरहेका मर्चेन्ट ग्राहकले अब एप्पल पे तथा गुगल पेमा आबद्ध भिसा र मास्टर कार्ड प्रयोगर्त्ताबाट सहज र सुरक्षित रूपमा भुक्तानी लिन सक्नेछन् ।

बैंकले आफ्नो साइवल सोर्स पेमेन्ट गेटवेमा एप्पल पे र गुगल पे भुक्तानी प्रणाली आबद्ध गरेपछि सुविधा उपलब्ध भएको जनाएको छ । यसबाट नेपालका व्यवसायीले विदेशमा रहेका ग्राहकबाट डिजिटल माध्यममार्फत भुक्तानी प्राप्त गर्न थप सहज हुने बैंकको विश्वास छ। एप्पल पे तथा गुगल पे विश्वव्यापी रूपमा प्रयोग हुने मोबाइलमा आधारित डिजिटल भुक्तानी प्रणाली हुन्। यी प्रणालीमा प्रयोगकर्ताको वास्तविक कार्ड विवरणको सट्टा टोकनाइजेसन प्रविधिमार्फत सुरक्षित विवरण प्रयोग हुने भएकाले कारोबारलाई थप सुरक्षित र सरल बनाउन सहयोग पुग्ने बैंकले जनाएको छ । यो सुविधा विशेषगरी होटल, टुर एन्ड ट्राभल्स, ह्यान्डिक्राफ्ट, एयरलाइन्स, ई-कमर्स तथा सूचना प्रविधि क्षेत्रका व्यवसायीका लागि उपयोगी हुने बैंकको भनाइ छ । बैंकको ई-कमर्स पेमेन्ट गेटवेमा आबद्ध मर्चेन्टले अन्तर्राष्ट्रिय ग्राहकबाट एप्पल पे तथा गुगल पे प्रयोग गरी भुक्तानी प्राप्त गर्न सक्नेछन् ।

**खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं**

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रुपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**